वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयको
वार्षिक विकास कार्यक्रम सञ्चालनका लागि तयार गरिएको

# कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७८

(वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय (मन्त्रीस्तर) बाट मिति २०७८।०६।२२ मा स्वीकृत)

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

## विषयसुची


अ. परिचय : ........1

आ. परिभाषा : ........1

इ. वन, वातावरण तथा भू संरक्षणसँग सम्बन्धित कृयाकलापहरु : ........1

1. विरुवा उत्पादन (बहुउपयोगी, फलफूल,जडिवुटी र वहुवर्षिय) र बिरुवा वितरण ( बृक्षारोपणको लागि ढुवानी समेत)........ २

2. कटिङ्ग विरुवाको उत्पादन ........३

3. पुराना विरुवाको संरक्षण /वहुवर्षिय/अन्य विरुवाको हेर विचार र रेखदेख ........३

4. बाँसको क्लम्प/राइजोम तयारी/ उत्पादन ........४

5. हाइटेक वन नर्सरी स्थापना, स्तरोन्नति, मर्मत तथा सम्भार र संचालन ........४

6. जडीबुटी बिरुवा उत्पादन,खरिद तथा वितरण /निजी जग्गामा जडिबुटी रोपणको लागि कृषक/उद्यमीलाइ सहयोग ........५

7. फलफूल विरुवा उत्पादन/वितरण/खरिद वितरण ........५

8. साझेदारी वनको कार्य योजना परिमार्जन संशोधन तथा कार्यान्वयन ........६

9. चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन ........६

10. सामुदायिक वनमा दिगो वन व्यवस्थापन (संवर्धन प्रणालीमा आधारीत) ........७

11. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन / वन डढेलो नियन्त्रण उपकरण खरिद ........८

12. योजना तर्जुमा गोष्ठी / सव डिभिजन स्तरिय सा व उ स को अन्तरक्रिया गोष्ठि ........८

13. प्रगति समिक्षा गोष्ठी ........९

14. प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण/वन डढेलो सम्बन्धी प्रचार प्रसार (सामग्री प्रकाशन, रेडियो टिभिमा विज्ञापन)/ वन्यजन्तु सम्बन्धी प्रचार प्रसार/ जलाधार व्यवस्थापन कार्यक्रम सम्वन्धि प्रचार प्रसार ........९

15. उजुरी छानविन (अख्तियार दुरुपयोग अनुसंधान आयोग बाट प्राप्त समेत) ........१०

16. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी तथा वन हस्तान्तरण प्रक्रियामा सहजिकरण ........११

17. सा.व.उ.स. को कार्ययोजना नवीकरण सहयोग (गरिब, महिला र दलित लक्षित जलवायु परिर्वतन अनुकूलन योजना) ......११

18. सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास तथा तालिम र उपभोक्ता समुहलाइ वन ब्यबस्थापन औजार हस्तान्तरण / वन उपभोक्ता समूहलाई वन व्यवस्थापन औजार सहयोग ........१२

19. वन सर्भेक्षण सामग्री खरिद ........१३

20. एक सामुदायिक वन एक संरक्षण पोखरी ........१३

21. वृक्षारोपण सहयोग/वृक्षारोपण क्षेत्रमा पर्खाल निर्माण बार बन्देज ........१४


सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा


२४. लोपोन्मुख प्रजातिको संरक्षण अध्ययन अनुसन्धान समेत ........ १५

२५. पञ्चबर्षीय वन व्यवस्थापन कार्ययोजना तयारी IEE सहित ........ १५

२६. एक कलष्टर एक उत्पादन : अम्रिसो, भुँईकटहर, अलैची, बाँस तथा अन्य गैह्र काष्ठ वन पैदावार ........ १६

२७. वन अपराध नियन्त्रण/सहभागितामूलक अतिक्रमण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण/अतिक्रमण तथा चोरी शिकारी नियन्त्रणका लागि गस्ती परिचालन र वन तथा वन्य जन्तु सम्बन्धि अपराधको अनुसन्धान तहकिकात र मुद्दा दायरी ........ १६

२८. कबुलियती वन नविकरण तथा कबुलियती वन सुधार कार्यक्रम ........ १७

२९. कबुलियती वन समूहमा संस्थागत सुदृढिकरण ........ १७

३०. स्कुल शिक्षा कार्यक्रम ........ १८

३१. बाह्य मिचाहा प्रजातिको नियन्त्रण ........ १८

३३. स्थानीय वन समूहहरु, सा.व.उ.स. मार्फत विरुवा उत्पादन सहयोग अनुदान ........ १९

३४. निजी नर्सरी स्थापनाका लागि अनुदान/विरुवा उत्पादन अनुदान ........ २०

३६. कृषि वन प्रवर्द्धन कार्यक्रम/कृषि वन सम्बन्धी अभिमुखिकरण/कृषि वन विकासका लागि क्षेत्र, घरधुरी छनौट सञ्चालिकरण/कृषि वन विकास तथा विस्तार कार्यक्रम/कृषि वन खेती विस्तार तालिम ........ २१

३७. निजी तथा कृषि वन विकास कार्यक्रम ........ २२

३८. शहरी वन तथा हरियाली प्रवर्धनं कार्यक्रम/ हरियाली प्रवर्धन कार्यक्रम/ सहरी सडक किनारा वृक्षारोपण तथा हरित प्रवर्धन कार्यक्रम ........ २२

३९. जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना र स्तरोन्नतीका लागि औजार तथा प्रविधि हस्तान्तरण ........ २३

४०. पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार/विकास, प्रवर्धन, उत्पादन, भण्डारण र प्रशोधन/जडीबुटी खेतीका लागि अनुदान ........ २४

४१. संकटापन्न तथा लोपोन्मुख वन्यजन्तु संरक्षण कार्यक्रम ........ २५

४२. मानव वन्यजन्तु द्वन्द व्यवस्थापन तथा वन्यजन्तु उद्दार/समस्याग्रस्त तथा हानिकारक वन्यजन्तुको व्यवस्थापन ........ २५

४३. सामुदायिक वनमा Fruit-Forestry Model स्थापना ........ २६

४४. Seed Stand स्थापना, मर्मत, सुधार तथा स्तरोन्नती ........ २६

४५. सामुदायिक वन तथा कबुलियती वनको अनुगमन, मुल्याङ्कन र पुस्तिका प्रकाशन ........ २७

४६. पर्यापर्यटन पार्क, हरित पार्क, उद्यान, धार्मिक वाटिका निर्माण ........ २७

४७. पञ्चासे वन संरक्षण क्षेत्रमा धार्मिक, सास्कृतिक कार्यक्रम प्रवर्धन ........ २८

४८. पञ्चासे वन संरक्षाण क्षेत्रको डिजिटल सिमांकन र डिजिटाइजेशन ........ २८

४९. प्राणी उद्यान विकास तथा वन्यजन्तु उद्दार केन्द्र संचालन ........ २८


सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश


५०. वर पिपल समि चौतारा निर्माण मर्मत तथा सौन्दर्यिकरण ........ २९
५१. जडीबुटी/गैहकाष्ठ विरुवा उत्पादन र खेती विकास तालिम ........ ३०
५२. संचार माध्यमबाट वन; वातावरण तथा वन्यजन्तु सूचना प्रसारण ........ ३०
भू तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरु ........ ३१
१. सिंचाई कुलो संरक्षण ........ ३१
२. खोला/ नदीर/ खहरे किनार संरक्षण कार्यक्रम/तटबन्ध निर्माण कार्य ........ ३१
३. क्षतिग्रस्त भूमिको पुनर्स्थापना तथा उत्पादकत्व वृद्धि कार्यक्रम/किसानसँग भू-संरक्षण तथा खेतबारी संरक्षण कार्यक्रम ........ ३१
४. आकासेपानी संकलन तथा भलपानी व्यवस्थापन गरी जलसिंचन अभिवृद्धि तथा पुनर्भरण कार्यक्रम/पोखरी, सिमसार र ताल संरक्षण कार्यक्रम/पानी श्रोत व्यवस्थापन तथा बहुउपयोग (ताल, रनअफ हार्भेष्टिङ ड्याम निर्माण) ........ ३१
५. उप जलाधार क्षेत्रहरुको पहिचान, प्राथमिकिकरण, प्रकोप नक्सांकन, संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन ........ ३२
६. नदी प्रणालीमा आधारित भू तथा जलाधार व्यवस्थापन कार्यालयको कार्यक्षेत्रको जि.आइ.एस. नक्सांकन गरी एट्लास बनाउने कार्य ........ ३२
७. गल्छी तथा पहिरो उपचार ........ ३३
८. बाँस, निगालो तथा राइजोम खरिद/वितरण ........ ३३
९. शहरी खानेपानीको जलाधार क्षेत्र संरक्षण कार्यक्रम/पानी मुहान संरक्षण कार्यक्रम ........ ३४
१०. सडकसँग भूसंरक्षण कार्यक्रम ........ ३६
११. भू संरक्षण प्रर्दशनी स्थल ........ ३६
१२. आकस्मिक बाढी, पहिरो नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम ........ ३७
१३. नदी उकास, जग्गा पुनर्स्थापना तथा संरक्षण ........ ३८
१४. संवेदनशिल जलाधार क्षेत्र संरक्षण कार्यक्रम ........ ३९
१५. भु संरक्षण मैत्री पदमार्ग निर्माण ........ ४१
**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र संग सम्वन्धित क्रियाकलापहरु ........ ४३**
**ताल संरक्षण तथा विकास प्राधिकण संग संम्वन्धित कार्यक्रमहरु ........ ४६**
ई. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था ........ ४८
उ. अन्य प्रचलित कानून बमोजिम हुनेः ........ ४८
ऊ. बाधा अड्काउ फुकाउने अधिकारः ........ ४८
ए. संशोधनः ........ ४८


सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

**अ. परिचय :**

गण्डकी प्रदेश अन्तर्गतको वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, निर्देशनालयहरु, केन्द्र र कार्यालयहरुबाट स्वीकृत बार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दा विद्यमान ऐन, नियम, मार्गदर्शन र कार्यविधि अनुसार सञ्चालन गरी कार्यक्रमले राखेको उद्देश्य, आशातित उपलब्धी तथा प्रभाव प्राप्त गर्नु आजको आवश्यकता हो । एउटै कार्यक्रम र कृयाकलाप सबै कार्यालयहरुले सम्पादन गर्दा मिल्दाजुल्दा कृयाकलाप समान मापदण्ड अनुसार कार्यान्वयन होस् र कार्यान्वयन गर्ने कार्यालय, संस्था र व्यक्तिलाई सहज र सरल होस् भन्ने उद्देश्यले यो मापदण्ड विगतका अनुभवहरुलाई समेत मध्यनजर गरी तयार गरिएको छ ।

**आ. परिभाषा :**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

क) "उपभोक्ता" भन्नाले प्राकृतिक स्रोत व्यवस्थापन समूहमा आवद्ध घरधुरीलाई सम्झनुपर्छ ।

ख) "उपभोक्ता समिति" भन्नाले स्थानीय वन समूह वा भू तथा जलाधार संरक्षण सँग सम्बन्धित समूहले गठन गरेको कार्यकारी समिति सम्झनुपर्छ ।

ग) "कार्यालय" भन्नाले डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय र वन, वातावरण तथा भू संरक्षण मन्त्रालय अन्तर्गतका अन्य कार्यालयहरु सम्झनुपर्छ ।

घ) "नर्सरी" भन्नाले विरुवा हुर्काउने तथा बढाउने स्थानलाई सम्झनुपर्छ ।

ङ) "निर्देशनालय" भन्नाले प्रदेश वन निर्देशनालयलाई सम्झनुपर्छ ।

च) "पर्यापर्यटन" भन्नाले सांस्कृतिक तथा प्राकृतिक संरक्षण सहितको पर्यटकिय गतिविधिलाई सम्झनुपर्छ।

छ) "प्राविधिक" भन्नाले वन विषयमा खरिदार सरह तहमा कार्यरत वा कम्तिमा वन विषयमा प्रमाणपत्र वा सो सरह र सोभन्दा माथि उर्तिण गरेका प्राविधिकलाई सम्झनुपर्छ ।

ज) "बायो इन्जिनियरिङ" भन्नाले जैविक तथा संरचना सँगै राखी निर्माण गर्ने प्रविधि सम्झनुपर्छ ।

झ) "मन्त्रालय" वन वातावरण तथा भू संरक्षण मन्त्रालय सम्झनुपर्छ ।

ञ) "मुद्दा" भन्नाले वन र वन्यजन्तु सम्बन्धी कसुरमा सम्बन्धित अदालतमा पेश भएको अभियोजन पत्र सम्झनुपर्छ ।

ट) "हाईटेक नर्सरी" भन्नाले उच्च प्रविधि जडान भएको नर्सरी सम्झनुपर्छ ।

**इ. वन, वातावरण तथा भू संरक्षणसँग सम्बन्धित कृयाकलापहरु :**

वन, वातावरण तथा भू संरक्षण सँग सम्बन्धित कार्यक्रमहरु डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, वन निर्देशनालय,वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र,ताल संरक्षण प्राधिकरण तथा मन्त्रालयबाट संचालन हुने कार्यक्रम र कृयाकलापहरु पर्दछन् । प्रदेशबाट स्वीकृत कार्यक्रमहरु प्रदेश सरकारको वार्षिक कार्यक्रम (रेड बुक) मा राखिएका छन् । वन क्षेत्रका कार्यक्रमहरुमा राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम, कवुलियती वन विकास कार्यक्रम, जडीबुटी विकास कार्यक्रम, सिमसार व्यवस्थापन कार्यक्रम, वन्यजन्तु उद्दार तथा संरक्षण कार्यक्रम, गल्छी पहिरो नियन्त्रण कार्यक्रम, खानेपानी तथा विद्युतीय जलाधार संरक्षण कार्यक्रम तथा वातावरण शिक्षा कार्यक्रम आदि अन्तर्गतका विभिन्न कृयाकलापहरु रहेका छन् । संचालन गरिने



सचिव

कृयाकलापहरु यस मापदण्डमा बुँदागत रुपमा उल्लेख गरिएको छ । यस मापदण्ड अनुसार विभिन्न कार्यालयका साथै उपभोक्ता समितिबाट संचालन हुने कार्यक्रमहरुमा कार्य सम्पन्न भएपछि अनिवार्य रुपमा सार्वजनिक लेखापरीक्षण (Public Audit) समेत गर्नु पर्नेछ ।

**१. विरुवा उत्पादन (बहुउपयोगी, फलफूल, जडिबुटी र वहुवर्षिय) र विरुवा वितरण ( बृक्षारोपणको लागि ढुवानी समेत)**

**क) एक वर्षे बहु उपयोगी विरुवा उत्पादन**

**कार्यक्रमको उद्येश्य:** गुणस्तरिय बहु उपयोगी विरुवा उत्पादन गर्ने ।

**मुख्य कृयाकलाप:** विउ खरिद, व्याड तथा नर्सरी तयारी, विरुवा उत्पादन, वितरण, अभिलेख व्यवश्थापन ।

**कार्यान्वयन प्रकृया :**

- ४" x ७" को पोलिव्यागमा विरुवा उत्पादन गर्ने ।
- **असोज महिनाभित्र गत आ. व. मा उत्पादन भई स्टकमा रहेका सम्पूर्ण विरुवाको स्टक प्रमाणित गरी अनिवार्य रुपमा प्रदेश वन निर्देशनालय मार्फत वन, वातावरण तथा भूसंरक्षण मन्त्रालयमा, गण्डकी प्रदेशमा पठाउनु पर्ने ।**
- **विगत आ. व. हरुमा माग र वितरण प्रवृत्तीलाई मध्यनजर राख्दै ती विरुवा प्रजातीहरुको समग्र महत्व विश्लेषण गरी स्थानीय माग बमोजिमका प्रजातिका बिउ/कटिङ खरिद ।**
- विरुवाको उचाइ कम्तिमा १ फिट हुनु पर्ने (ढिलो वढ्ने प्रजाति वाहेक)।
- नर्सरी नाइकेको पारिश्रमिक नर्मस तथा जिल्ला दर रेट अनुसार हुनेगरि ३० हजार विरुवा उत्पादन सम्मका लागि १ जना ।
- विरुवा वितरणका लागि कर्मचारीको लागी भत्ता तथा ईन्धनमा खर्च गर्न सकिने छ ।
- विरुवा वितरण गर्दा विरुवा लैजानेको स्पष्ट नाम, ठेगाना र मोबाईल नम्बर सहितको लगत राख्नु पर्नेछ । विरुवा वितरण पश्चात लगतबाट नमुना सेवाग्राही छानी विरुवा प्रयोगको अनुगमन गर्नु पर्नेछ ।

**अपेक्षित प्रतिफल :** जनताको माग बमोजिमका प्रजातिको विरुवा उत्पादन, वितरण तथा वृक्षारोपण भएको हुनेछ ।

**ख) ठूला तथा बहुवर्षीय विरुवा उत्पादन**

**कार्यक्रमको उद्येश्य:** गुणस्तरिय ठूला तथा बहु वर्षिय विरुवा उत्पादन गर्ने ।

**मुख्य कृयाकलाप:** विउ खरिद, व्याड तथा नर्सरी तयारी, विरुवा उत्पादन, वितरण, अभिलेख व्यवश्थापन ।

**कार्यान्वयन प्रकृया :**

- ६"x१०" ८"x१०" १०"x१०", १०"x१२" को पोलिव्यागमा प्रजाती अनुसार विरुवा उत्पादन गर्ने
- भैरहेको नर्सरी बाट एक वर्षे विरुवा Transplant गर्ने, नर्सरीमा एक वर्षे विरुवा नभएमा खरिद गरी Transplant गर्ने
- विरुवाको उचाइ कम्तिमा २ फिट हुनु पर्ने (ढिलो बढ्ने प्रजाति बाहेक)

सचिव

- नर्सरी नाइकेको पारिश्रमिक (१० हजार विरुवाको लागि एक जना नर्सरी नाइके १२ महिनाको लागि, जिल्ला दर रेट अनुसार पारिश्रमिक दिने)
- विरुवा वितरणका लागि कर्मचारीको लागी भत्ता तथा ईन्धनमा खर्च गर्न सकिने छ ।
- विरुवा वितरण गर्दा विरुवा लैजानेको स्पष्ट नाम, ठेगाना र मोबाईल नम्बर सहितको लगत अनिवार्य राख्नु पर्नेछ । विरुवा वितरण पश्चात लगतबाट नमुना सेवाग्राही छानी विरुवा प्रयोगको अनुगमन गर्नु पर्नेछ ।

**अपेक्षित प्रतिफल :** गुणस्तरीय ठूला तथा बहु वर्षिय विरुवा उत्पादन, वितरण तथा वृक्षारोपण भएको हुनेछ ।

### २. कटिङ्ग विरुवाको उत्पादन

**कार्यक्रमको उद्देश्य:** वृक्षारोपणका लागि आवश्यक विरुवाको कटिङ्ग उत्पादन गर्ने ।

**मुख्य कृयाकलाप:** कटिङ्ग तयारी तथा खरिद, कटीङ्ग स्थानान्तरण, व्याड तथा नर्सरी तयारी, विरुवा उत्पादन, वितरण, अभिलेख व्यवश्थापन ।

**कार्यान्वयन प्रकृया :**

- कटिङ्गबाट पलाउन सक्ने प्रजाती छनौट गर्ने ।
- कटिङ्ग लगाउने उपयुक्त समयको ख्याल गर्नु पर्ने ।
- रोपण गर्ने समय मा कम्तीमा १ फिट अग्लो साथै मोटाई बुढि औला साईजको हुनु पर्नेछ ।

**अपेक्षित प्रतिफल :** वृक्षारोपणका लागी आवश्यक विरुवाको कटिङ्ग उत्पादन भएको हुनेछ ।

### ३. पुराना विरुवाको संरक्षण /वहुवर्षिय/अन्य विरुवाको हेर विचार र रेखदेख

**कार्यक्रमको उद्देश्य:** विगतका वर्षमा उत्पादन भई वितरण हुन बाँकी रहेका विरुवाहरुको संरक्षण तथा वितरण गर्ने ।

**मुख्य कृयाकलाप:** , नर्सरी नाईके छनौट, सम्झौता, नर्सरीमा विरुवाको रेखदेख, पोलिथिन मर्मत, विरुवा रिप्लेसमेन्ट र संरक्षण ।

**कार्यान्वयन प्रकृया :**

- विगत आर्थिक वर्षहरुमा उत्पादन भई वितरण हुन बाँकी रहेका विरुवा मध्ये नर्सरी वेडमा भाद्र/असोज भित्र ग्रेडिङ गर्ने ।
- भाद्र/असोजभित्र अनिवार्य पुरानो विरुवाको लगत प्रतिवेदन वन निर्देशनालय मार्फत मन्त्रालयमा पठाउनु पर्ने ।
- विरुवाहरुको गोडमेल तथा Root shoot cutting गर्ने ।
- विरुवाको संभार गर्नेका लागि पारिश्रमिक दिने ।
- नर्सरी नाईके छनौट गरी सम्झौता गर्ने । मासिक ज्याला नपुगेमा घण्टाको दरले काममा लगाउन सकिनेछ ।
- यस कार्यक्रमबाट नर्सरी सरसफाई, भएका विरुवाहरुको संरक्षण, दैनिक सिचाई गर्ने, गोडमेल गर्ने, मलखाद राख्ने, माटो थप गर्ने, मरेका पोलीथिनमा नयाँ विरुवा खरिद गरी सार्ने वा भएका



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

विरुवाहरु सार्ने, जुट नेट खरिद गर्ने, सेड हाउस बनाउने, किटनाशक औषधी तथा मलखाद खरिद गर्ने लगायतका कार्यहरु यस शिर्षकबाट गर्न सकिनेछ ।

**अपेक्षित प्रतिफल : विगतका वर्षमा उत्पादन भई वितरण हुन बाँकी रहेका विरुवाहरुको संरक्षण तथा वितरण भएको हुनेछ ।**

**४. बाँसको क्लम्प/राइजोम तयारी/ उत्पादन**

**कार्यक्रमको उद्देश्य:** जलवायु अनूकुलन, भू संरक्षण तथा बाँसमा आधारित उद्योग स्थापना तथा उद्यम विकासका लागि बृहत बाँस रोपण गर्न ।

**मुख्य कृयाकलाप:** बाँसका विरुवा उत्पादन, उत्पादन योग्य बाँसका घना तथा राईजोम खरिद ।

**कार्यान्वयन प्रकृया :**

- एक वर्ष पुरानो बाँसको तामा वा घना खरिद र ढुवानी ।
- नर्सरीमा लेयरिङ्ग विधिबाट क्लम्प उत्पादन गर्न बेड तयारी ।
- सिँचाइको लागि पाइप तथा ट्याङ्की खरिद ।
- १० हजार क्लम्प सम्मको लागि एकजना नर्सरी नाइके (माघ बाट असार सम्म ६ महिना पहिलो वर्ष, १२ महिना दोस्रो वर्ष जिल्ला दररेट अनुसार)
- वृक्षारोपण गर्नु पूर्व वृक्षारोपण गर्ने स्थान छनोट गरी वन निर्देशानलय मा पठाउनु पर्ने
- वृक्षारोपण गर्ने स्थान सकेसम्म नदि किनार/कटान क्षेत्र, पहिरो जान सक्ने क्षेत्र वा कृषीवन लाई प्रवर्धन हुने स्थानलाई प्रथामिकतामा राख्नुपर्नेछ
- कार्यालयबाट वृक्षारोपण गर्ने भए क्लम्प/राइजोम नर्सरीबाट वृक्षारोपण स्थलसम्म ढुवानी र वृक्षारोपण
- उपभोक्ताबाट वृक्षारोपण गर्ने भए ढुवानी र वृक्षारोपण अनुदान ।

**अपेक्षित प्रतिफल :** जलवायु अनूकूलन, भू संरक्षण तथा बाँसमा आधारित उद्योग स्थापना तथा उद्यम विकासका लागि बृहत बाँस रोपण गर्न बाँसको क्लम्प/राइजोम उत्पादन भएको हुनेछ ।

**५. हाइटेक वन नर्सरी स्थापना, स्तरोन्नति, मर्मत तथा सम्भार र संचालन**

**कार्यक्रमको उद्देश्य:** उच्चस्तरिय प्रविधि युक्त स्वचालित तथा अर्ध स्वचालित प्रविधि प्रयोग गरि गुणस्तरिय विरुवा उत्पादन गर्ने ।

**मुख्य कृयाकलाप:** हाइटेक नर्सरी स्थापना, मर्मत तथा सम्भार र Shade house तथा बेड निर्माण, विरुवा उत्पादन कार्य ।

**कार्यान्वयन प्रकृया :**

- बेड थप्ने, ग्रिनहाउस निर्माण गर्ने, तापक्रम रेगुलेट गर्ने
- आधारभूत प्रविधि थप गरी स्तरोन्नती गर्ने
- नर्सरी नाईकेलाई नर्सरी संचालनको लागि प्रशिक्षण दिने



सचिव

प्रदेश सरकार वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय गण्डकी प्रदेश, पोखरा

- स्थायी नर्सरी वेड तथा घेराबार, सामान्य वातावरण अनुकूलीत सुविधासहितको ग्रिनहाउस, भण्डारण कोठा, पानीको स्थायी व्यवस्था तथा टंकी लगायत आधुनिक वन नर्सरीमा हुनुपर्ने न्यूनतम सुविधाहरु समावेश गरी निर्माण गर्नुपर्नेछ ।

**अपेक्षित प्रतिफल :** उच्चस्तरिय प्रविधि प्रयोग गरि स्वचालित प्रविधिको प्रयोग गरि गुणस्तरिय विरुवा उत्पादन भएको हुनेछ ।

**६. जडीबुटी बिरुवा उत्पादन,खरिद तथा वितरण / निजी जग्गामा जडिबुटी रोपणको लागि कृषक/उद्यमीलाइ सहयोग**

**कार्यक्रमको उद्देश्य:** जडिवुटीको उत्पादन वृद्दी गर्नका लागि गुणस्तरिय जडीबुटी बिरुवा उत्पादन गर्ने ।

**मुख्य कृयाकलाप:** माग सर्भेक्षण, नर्सरीमा उत्पादन खरिद, ढुवानी, वितरण, जडिबुटी रोपणका लागि सहयोग

**कार्यान्वयन प्रकृया :**

- प्रजाती र माग सँख्याको आकलन, बृक्षारोपण, स्याहार सम्भार
- बिरुवा खरिद गर्दा प्रचलित बजार भाउ र जिल्ला दररेट अनुसार खरिद गर्न सकिने ।
- वृक्षारोपण तथा स्याहार सम्भारका लागि उपलब्ध बजेट र नर्मस अनुसार हुने ।
- निजि जग्गामा जडिबुटी खेतिका लागि माग संकलन गर्ने, विरुवा खरिद गरि वितरण गर्ने, ढुवानी खर्च निजि कृषकलाई उपलब्ध गराउने ।

**अपेक्षित प्रतिफल :** जडिवुटीको उत्पादन वृद्दी गर्नका लागि गुणस्तरिय जडीबुटी बिरुवा उत्पादन भएको हुनेछ।

**७. फलफूल विरुवा उत्पादन/वितरण/खरिद वितरण**

**कार्यक्रमको उद्देश्य:** स्थानिय जनताको आयमा सुधार गरी, मानव बादर द्वन्द्व न्यूनीकरण तथा जलवायु अनुकुलन क्षमता वृद्दी गर्ने ।

**मुख्य कृयाकलाप:** स्थानिय तह र कृषी कार्यालय सँगको समन्वयमा फलफुल विरुवा उत्पादन, खरिद, ढुवानी, वितरण तथा वृक्षारोपण ।

**कार्यान्वयन प्रकृया :**

- वनजन्य फलफुल विरुवा उत्पादन र अन्य फलफुल विरुवा खरिद, ढुवानी, वितरण तथा वृक्षारोपण ।
- नर्सरीमा उत्पादित विरुवा वा खरिद गरिने विरुवा हिउँदे र वर्षे दुवै हुन सक्नेछ ।
- विरुवा खरिद र ढुवानी गरी बजेट बाँकी रहेमा वृक्षारोपण कार्यमा खर्च गर्न सकिनेछ ।
- मानव बादर द्वन्द क्षेत्रको पहिचान गरी प्रथामिकताका अधारमा वनजन्य फलफुल विरुवा वृक्षारोपण गरिनरेछ ।
- वृक्षारोपण कार्य सम्भव भएसम्म पकेट क्षेत्र निर्धारण गरी रोपण गरिनेछ ।
- वृक्षारोपण कार्यका लागि प्रचलित नर्मस अनुसार कार्य संचालन गर्नु पर्ने ।
- स्थानिय तहसँगको समन्वय र सह-लगानीमा फलफूलका विरुवा उत्पादन गर्न सकिनेछ ।

सचिव

प्रदेश सरकार
वन,वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- यस क्रियाकलाप संचालनका लागि कम्तिमा ३० प्रतिशत विरुवा कार्यालयमा उत्पादन गर्नु पर्ने ।

अपेक्षित प्रतिफल : फलफुल विरुवा उत्पादन तथा वितरण भई मानव बांदर द्वन्दमा कमी, स्थानिय जनताको जिविकोपार्जन, जलवायु अनूकूलन क्षमता अभिवृद्दी र वातावरण संरक्षणमा सकरात्मक परिवर्तन भएको हुनेछ ।

**८. साझेदारी वनको कार्य योजना परिमार्जन संशोधन तथा कार्यान्वयन**

**कार्यक्रमको उद्देश्य :** साझेदारी वनको कार्ययोजना अद्यावधिक गरि कार्यान्वयन गर्ने ।

**मुख्य कृयाकलाप:** कायोजना नविकरण, क्षमता अभिवृद्दी तालिम, कार्ययोजना कार्यान्वयन ।

**कार्यान्वयन प्रकृया :**

- स्वीकृत वन कार्ययोजना अन्तर्गतका वन व्यवस्थापन क्रियाकलापहरु (वन संवर्धन, संरक्षण र सदुपयोग), खहरे व्यवस्थापन, पोखरी तथा पानी मुहान संरक्षण, वन व्यवस्थापन तथा संरक्षणका लागि गस्ती परिचालन साधन/उपकरण खरिद र अनुगमन (इन्धन र सवारी मर्मत), सझेदारी वनको कार्य योजना संशोधन लगायतका कार्यहरु साथै वन व्यवश्थापन सम्बन्धी समुदायको क्षमता अभिवृद्दी तालिमका कार्यहरु ।
- यस कार्यक्रम संचालन गर्दा साझेदारी वन संग सम्वन्धित ऐन, नियम, र परिपत्र, कार्यविधि/निर्देशिका, स्वीकृत वन कार्ययोजना तथा प्रचलित नर्मस् बमोजिम गर्नुपर्नेछ । यस कार्यक्रमको लागि आवश्यक पर्ने मानवीय श्रोत, प्राविधिक सहयोग डिभिजन वन कार्यालयमा कार्यरत जनशक्ति वा परामर्श सेवा मार्फत लिन सकिनेछ ।

**अपेक्षित प्रतिफल :** साझेदारी वनको कार्ययोजना अद्यावधिक गरि कार्यान्वयन भएको हुनेछ ।

**९. चक्ला वन व्यवस्थापन कार्ययोजना कार्यान्वयन**

**कार्यक्रमको उद्देश्य:** चक्ला वनको दिगो व्यवश्थापन बाट उत्पादकत्व वृद्दी गर्ने ।

**मुख्य कृयाकलाप:** वन संवर्धन, संरक्षण तथा सदुपयोग सम्बन्धी कार्ययोजनाले उल्लेख गरेका कार्यहरु गर्ने।

**कार्यान्वयन प्रकृया :**

- रुखको लगत संकलन, माउ रुख पहिचान, रुख छपान र मूल्याङ्कन, कटान मुछान, ढुवानी, गस्ती परिचालन, हेरालु व्यवस्थापन, डढेलो तथा आगलागी नियन्त्रण, अग्निरेखा सरसफाई, गत बर्ष कटान भएका प्लटहरुमा सरसफाई (गोडमेल, झारपात तथा घाँस काट्ने), पुनरुत्पादन अभिबृद्धि, सव कम्पार्टमेन्ट छुट्टयाउने कार्य, अग्निरेखा मर्मत सम्भार लगायत वन संवर्धनका कार्यहरु, घाटगद्दी सुदृढिकरण तथा विस्तार, खहरे तथा पानी निकास व्यवस्थापन, प्रचार प्रसार, चाक्ला वन क्षेत्रभित्र रहेको श.व.र. क्याम्प लगायतका पुँजीगत सम्पतीको मर्मत सुधार,
- उपकरण औजार (वन व्यवस्थापन, सफ्टवेयर र गस्तीका लागि साधन) खरिद, तालिम, फिल्ड गियर, अनुगमन (ईन्धन), सवारी साधन मर्मत, प्राविधिक तथा परामर्श सेवा खरिद लगायतका
- सरकारद्वारा व्यवस्थित चक्ला वनमा स्वीकृत कार्ययोजना,कार्यविधि,मापदण्ड तथा प्रचलित नर्मश् बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ ।



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- कार्यक्रम कार्यान्वयनका लागि सहायक वन अधिकृतको नेतृत्वमा कार्यान्वयन टोली गठन गरी उक्त टोलीले स्वीकृत वन व्यवस्थापन कार्ययोजना अन्तर्गतका कृयाकलापहरु कार्यान्वयनका लागि लागत अनुमान तयार गरी डिभिजनल वन अधिकृत समक्ष पेश गर्नेछ र डिभिजनल वन अधिकृतले स्थलगत निरीक्षण समेत गरी आर्थिक ऐन नियम अनुसार स्वीकृत गर्नु गराउनु पर्नेछ ।

उल्लेखित कार्यक्रम संचालन डिभिजन वन कार्यलयमा कार्यरत जनशक्ति परिचालन तथा प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार गर्न गराउनु पर्नेछ ।

**अपेक्षित प्रतिफल :** चक्ला वनको दिगो व्यवश्थापन भएको हुनेछ ।

**१०. सामुदायिक वनमा दिगो वन व्यवस्थापन (संवर्धन प्रणालीमा आधारीत)**

**कार्यक्रमको उद्देश्य:** वन सम्बर्धन प्रणालीमा आधारित भई सामुदायिक वनको दिगो व्यवश्थापन गर्ने ।

**मुख्य कृयाकलाप:** कार्ययोजना तयारी, वन संवर्धन, कार्ययोजना कार्यान्वयन ।

**कार्यान्वयन प्रकृया :**

- वन छनौट, अभिमुखीकरण, सरोकारवालाहरुसँग अन्तरक्रिया, समूहको निर्णय, अनुगमन, कार्ययोजना तयारी र स्वीकृती ।
- दिगो वन व्यवस्थापन सम्वन्धि वन ऐन,नियमावली र कार्य विधि अनुसार जिल्लामा कार्यरत वा कम्तिमा वन विज्ञानमा स्नातक गरेका वन प्राविधिकको टोलीले स्थलगत निरिक्षण गरी उपयुक्त क्षेत्रफल भएका सामुदायिक वन छनौट गर्ने ।
- समूह भेलाबाट निर्णय गरी वन कार्यालयमा माग पेश गर्ने ।
- समूहको सहलगानीमा कार्ययोजना तयार गर्न सकिने ।
- समूहले वन कार्यालयका वन प्राविधिक वाहेकका सेवा प्रदायकवाट सेवा लिनुपर्ने भएमा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार परामर्शदाता लिने व्यवस्था गरी सव-डिभिजन वन कार्यालयका अधिकृतको रोहवरमा कार्य सम्पन्न गर्ने सम्झौता गर्ने ।
- वन प्रविधिक वा सेवा प्रदायकवाट दिगो वन व्यवस्थापन सम्वन्धि वन ऐन,नियमावली र कार्य विधि अनुसार कार्ययोजना तयार गरी डिभिजन वन कार्यालयबाट प्राविधिक चेक गराएपछि समूहमा पेश गर्ने।
- समूह भेलाको निर्णय सहित कार्ययोजना स्वीकृतिको लागि डिभिजन वन कार्यालयमा पेश गर्ने।
- मस्यौदा कार्ययोजना सम्बन्धित स्थानिय पालिका लगाएत सरोकारवालासँग अन्तरक्रिया गर्ने ।
- प्राविधिक सहजीकरणका साथै अनुगमन का लागि कुल वजेटको दश प्रतिशतमा नबढ्ने गरी व्यवस्था गर्न सकिनेछ ।
- कार्ययोजना स्वीकृत पश्चात कार्ययोजनामा उल्लेखित कार्यक्रमहरु (वन संरक्षण, संवर्द्धन, वन विकास, घाटगद्दी सुद्रढीकरण, वृक्षारोपण, नमूना प्रदर्शनी प्लट स्थापना, Post Harvest कृयाकलाप आदी) को कार्यान्वयन गर्ने ।

**अपेक्षित प्रतिफल :** वन सम्बर्धन प्रणालीमा आधारित सामुदायिक वनको दिगो व्यवश्थापन हुनेछ ।



सचिव

## ११. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन / वन डढेलो नियन्त्रण उपकरण खरिद

**कार्यक्रमको उद्देश्य:** वन डढेलोको घटना तथा डढेलो बाट हुने क्षतिको न्यूनिकरण गरि जैविक विविधता संरक्षणमा सहयोग पुर्याउने ।

**मुख्य कृयाकलाप:** Controlled Burning, डढेलो नियन्त्रण तथा जनशक्ति परिचालन, सचेतना, वन डढेलो नियन्त्रण उपकरण सामग्रीको सूची र लागत अनुमान तयार, सामग्री खरिद र वितरण ।

**कार्यान्वयन प्रकृया :**

- वन डढेलो रोकथाम तथा नियन्त्रण कार्ययोजना तयारी, संजाल गठन र परिचालन, प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण, (Fire Fighting Team) परिचालन, वन डढेलो नियन्त्रण तथा जैविक विविधता संरक्षणका लागी पानी संकलन पोखरी निर्माण ।
- वन डढेलो नियन्त्रणका लागि अतिआवश्यक उपकरण/सामग्री जस्तैः Gloves, Helmet, Fire swatter, Rake hoe, Axe, Fire Boots, torch, Socks, Face mask,water bottle, Water tank, water pipes, Jump suit, First aid kits लगायतका सामग्रीहरु उपकरणको सूची तयार गरी नियमानुसार लागत अनुमान तयार गरी नियमानुसार सामग्री/उपकरण खरिद गरी वितरण (सुरक्षा निकाय, समूह र क्लवहरु आदि) गर्ने ।
- सामुदायिक वनहरुमा समूह परिचालन गरी अग्निरेखा निर्माण तथा सुधार र डढेलो नियन्त्रण कार्य
- डढेलो लाग्ने महिना अगावै प्रचारप्रसारका सामग्री तयार गर्ने, जनचेतना अभिवृद्धि, संचारका माध्यमबाट प्रकाशन र प्रशारण गर्ने
- डढेलो नियन्त्रण संजालहरु गठन गरी वा अग्नि समन टोली (Fire Fighting Team) बाट डढेलो नियन्त्रणका कार्यहरु गर्ने
- आकष्मिक डढेलो लागेको सूचना प्राप्त गरेमा कर्मचारी र सुरक्षाकर्मी घटनास्थलमा गई नियन्त्रण गर्न जाँदा खाजा, खाना, पानी, इन्धन लगायतका शिर्षकहरुमा यसबाट खर्च गर्ने ।

**अपेक्षित प्रतिफल :** वन डढेलोका घटना तथा क्षतिमा न्यूनिकरण भई वन संरक्षण तथा जैविक विविधताको संरक्षणमा टेवा पुग्नेछ

## १२. योजना तर्जुमा गोष्ठी / सव डिभिजन स्तरिय सा.व.उ.स. को अन्तरक्रिया गोष्ठि

**कार्यक्रमको उद्देश्य:** सहभागितामूलक योजना तर्जुमा तथा अन्तरकृया गर्ने ।

**मुख्य कृयाकलाप:** गोष्ठी संचालन

**कार्यान्वयन प्रकृया :**

- प्रदेश स्तरीय योजना तर्जुमा गोष्ठीमा डिभिजन वन कार्यालयहरु र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुका प्रमुख एवं कार्यक्रमसँग सम्बन्धित परियोजनाका प्रमुख एवं प्रतिनिधिहरु, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयका पदाधिकारीहरु एवं अन्य विज्ञ तथा सहजकर्ताहरुको सहभागितामा संचालन गर्न सकिनेछ। आवश्यक वन तथा वातावरणसँग सम्बन्धित अन्य कार्यक्रम र सरोकारवालाहरुको समेत सहभागिता गराउन सकिने छ ।
- **गत आ.व. (सकेसम्म विगतका आ.व. हरुको समेत) को नीति तथा कार्यक्रमहरुको समिक्षात्मक पुनरावलोकन गरी सफल तथा असफल कार्यक्रमहरुको अनुभवबाट योजना तर्जुमा गर्नु पर्ने ।**

- जिल्लास्थित कार्यालयहरुमा योजना तर्जुमा गोष्ठी भएमा जिल्ला भित्र रहेका सव डिभिजन वन कार्यालयहरु तथा सम्बन्धित सरोकारवालाहरु समेतको सहभागितामा गर्नु पर्नेछ ।
- यस शिर्षकको रकम गोष्ठीमा सहभागीको दैनिक तथा भ्रमण भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रहि लागत ईष्टिमेट स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिनेछ ।

**अपेक्षित प्रतिफल :** जनसहभागितामा आधारित योजना तर्जूमा तथा अन्तरकृया भएको हुनेछ ।

### १३. प्रगति समिक्षा गोष्ठी

**कार्यक्रमको उद्देश्य:** कार्यक्रम कार्यान्वयनको असर र प्रभाव सहितको वैज्ञानिक प्रगति समिक्षा गरी कार्यान्वयनको पृष्ठपोषण गर्ने ।

**मुख्य कृयाकलाप:** गोष्ठी संचालन ।

**कार्यान्वयन प्रकृया :**

- प्रदेश स्तरिय चौमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठीमा डिभिजन वन कार्यालयहरु र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुका प्रमुख एवं कार्यक्रम सँग सम्बन्धित परियोजनाका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता गराउनु पर्दछ ।
- जिल्लास्थित कार्यालयहरुमा प्रगति समीक्षा गोष्ठीको कार्यक्रम भएमा जिल्ला भित्र रहेका सव डिभिजन वन कार्यालयहरु तथा सम्बन्धित सरोकारवालाहरु समेतको सहभागितामा प्रगति समिक्षा गोष्ठी गर्नुपर्नेछ ।
- यस शिर्षकको रकम गोष्ठीमा सहभागीको भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रहि लागत ईस्टिमेट स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिनेछ ।

**अपेक्षित प्रतिफल :** कार्यक्रम कार्यान्वयनको असर र प्रभाव सहितको वैज्ञानिक प्रगति समिक्षा भएको हुनेछ ।

### १४. प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण/वन डढेलो सम्बन्धी प्रचार प्रसार (सामग्री प्रकाशन, रेडियो टिभिमा विज्ञापन)/ वन्यजन्तु सम्बन्धी प्रचार प्रसार/ जलाधार व्यवस्थापन कार्यक्रम सम्वन्धि प्रचार प्रसार

**कार्यक्रमको उद्देश्य:** संरक्षण तथा व्यवश्थापन सम्बन्धी जनचेतनामा वृद्दी गर्ने ।

**मुख्य कृयाकलाप:** जनचेतना सम्बन्धी सामाग्री तयारी तथा प्रशारण ।

**कार्यान्वयन प्रकृया :**

- होर्डिङ बोर्ड निर्माण, ब्रोसर, स्टिकर, पम्प्लेट, टिसर्ट, ह्याट, अनुकरणीय सफलताका कथा पुस्तिका तयारी, प्रकाशन तथा वितरण, भित्ते लेखन, विद्यालय शिक्षण, संरक्षण सँग सम्बन्धित छोटो भिडियो, वृतचित्र, रेडियो तथा पत्रपत्रिकाबाट सूचना तथा सन्देशमूलक सामाग्री उत्पादन, प्रशारण तथा वितरण लगायतका कार्यहरु संचालन गर्नु पर्नेछ ।
- कार्यालयबाट सूचना तथा सन्देश तयार गरी (आवश्यक परे वृतचित्र समेत) सो को उत्पादन, प्रकाशन, Display, प्रशारण तथा वितरण गर्ने व्यवस्था गर्ने ।
- प्रकाशन प्रशारण सम्बन्धी प्रचार प्रसार मिडियासँग सम्झौता गर्ने ।

सचिव

- कार्यक्रम सम्पन्न भएपछि प्रचार प्रसार सम्बन्धी नमुना सामाग्री प्रमाणको रुपमा लिनुपर्ने छ।
- Leaflet र पुस्तिकाहरु तयारी, छपाई र वितरण गर्न सकिनेछ ।
- वन्यजन्तु संरक्षणको लागि बाटोको दायाँ बायाँ, सेवा ग्राहीहरुको बढी आवतजावत हुने ठाउँ, कार्यालयको कम्पाउण्ड भित्र र Wall को बाहिरी भाग आदिमा वन, वन्यजन्तु तथा चराचुरुङ्गी र पारस्थितिकीय प्रणालीको बारेमा चेतनामुलक सन्देश, नारा, आर्ट आदिको भित्ते लेखन र पेन्टिङ गर्ने कार्य समेतगर्न सकिनेछ ।

**अपेक्षित प्रतिफल :** स्थानियमा प्राकृतिक श्रोत संरक्षण, विकास र व्यवस्थापन सम्बन्धी सचेतनामा वृद्दी भएको हुनेछ ।

**१५. उजुरी छानविन (अख्तियार दुरुपयोग अनुसंधान आयोग बाट प्राप्त समेत)**

**कार्यक्रमको उद्देश्य:** वन, वन्यजन्तु संग सम्बन्धित गैह्रकानूनी कार्यहरु र सार्वजनिक सेवा प्रवाहका विषयमा परेका उजुरी छानविन गर्ने ।

**मुख्य कृयाकलाप:** छानविन तथा अध्ययन ।

**कार्यान्वयन प्रकृया :**

- उजुरी तथा गुनासो प्राप्त गर्ने, उजुरी छानविन तथा अनुसन्धानको लागि कर्मचारी वा टिम गठन गरी खटाउने, प्रतिवेदन प्राप्त गर्ने तथा सम्बन्धित निकायमा पठाइ कार्यालयमा समेत दुरुस्त राख्ने व्यवस्था गर्ने ।
- उजुरी तथा गुनासो छानविन गरी प्रतिवेदन पेश गर्ने तथा प्राप्त प्रतिवेदनहरुको व्यवस्थापन गर्ने ।

**अपेक्षित प्रतिफल :** सार्वजनिक सेवा प्रवाहका विषयमा परेका उजुरी छानविन भएको हुनेछ ।

**१६. प्रदेशस्तरिय संगठन संरचनाको पूर्वाधार निर्माण तथा संस्थागत सुधार कार्यक्रम (डिभिजन तथा सब डिभिजन वन कार्यालयको भवन सुधार ,मर्मत तथा स्तरोन्नती, सुदृढीकरण तथा व्यवस्थापन, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुको भवन सुधार,मर्मत तथा स्तरोन्नती )**

**कार्यक्रमको उद्देश्य:** कार्यालयहरुको पूर्वाधार निर्माण तथा कार्यालय व्यवस्थापन गरि संस्थागत सुधार गर्ने ।

**मुख्य कृयाकलाप:** कार्यालय भवन निर्माण, मर्मत, ईन्टरनेट सेवा, कार्यालय सामाग्री खरिद ।

**कार्यान्वयन प्रकृया :**

- सामान्य मर्मतका कार्यहरु, डिजाइन, नक्सा तथा लागत अनुमान, टेण्डर आव्हान, कार्यादेश, मूल्याङ्कन तथा सम्झौता, निर्माण कार्य, कार्य सम्पन्न पश्चातको फोटो तथा नक्सा तयारी, अनुगमन, जाँचपास ।
- बजेटको सिमा भित्र रही प्राविधिकबाट Design तथा Estimate गरी स्वीकृत Design तथा Estimate का आधारमा सार्वजनिक खरिद ऐन नियम बमोजिम कार्यक्रम सम्पन्न गर्नुपर्नेछ ।
- सव डिभिजन वन कार्यालयहरुको लागि कार्यालय व्यवस्थापन गर्न चाहिने सामग्रीहरुको सूची (कुर्ची, टेबुल, दराज, सोफासेट, कार्पेट, पर्दा, सूचना बोर्ड आदि) लगायत फर्निसिङ सहितको कार्य समेत गर्न सकिनेछ ।

सचिव

प्रदेश सरकार वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय गण्डकी प्रदेश, पोखरा

यस कार्यक्रम कार्यान्वयनका लागि डिभिजन तथा सब डिभिजन वन कार्यालयको पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी डिजाइन तथा लागत इष्टिमेट सम्वन्धित प्राविधिकले गर्नेछ ।

**अपेक्षित प्रतिफलः** सब डिभिजन वन कार्यालयहरुको संस्थागत सुदृढिकरण भई सेवा प्रवाह चुस्त, दुरुस्त हुने।

**१७. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी तथा वन हस्तान्तरण प्रक्रियामा सहजिकरण**

**कार्यक्रमको उद्देश्य**: सामुदायिक वनको व्यवश्थापन स्थानिय उपभोक्ता मार्फत गर्ने ।

**मुख्य कृयाकलाप**: उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना निर्माण ।

**कार्यान्वयन प्रकृया :**

- बैठक, भेला, वन सर्भेक्षण, विधान तथा कार्ययोजना तयारी, हस्तान्तरण ।
- यो कार्यक्रम प्रचलित वन ऐन तथा वन नियमावली तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पुरा गरेर सम्पन्न गर्नुपर्नेछ ।
- विधान तथा कार्ययोजना तयारी कार्यको सहजीकरण सब डिभिजन वन कार्यालयका कर्मचारीबाट र सिफारिस गर्ने काम कम्तीमा फरेष्टर तहका वन प्राबिधिकबाट हुनुपर्नेछ । यसका लागि सामुदायिक वन श्रोत सर्भेक्षण मार्गदर्शन अनुसार वन श्रोत सर्भेक्षण गर्ने तथा GPS बाट सीमा सर्भेक्षण तथा Premanent Sample Plot Layout (GPS Point समेत राखी) गरी Sample Plot को केन्द्रको GPS Point देखिने नक्सा तथा फिल्ड बुक र सामुदायिक वनको बिस्तृत नक्शा समेत पेश गर्नुपर्नेछ ।
- दलित, महिला, गरिब लक्षित समुदायको लागि आयआर्जन कार्यक्रम तथा जलवायु परिवर्तन अनुकूलन योजना समावेश गर्नुपर्नेछ ।
- यसमा उपलब्ध बजेटबाट वन श्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार र बिधान तथा कार्ययोजना तयारीको लागि टाईपिङ, प्रिन्टिङ र बाईन्डिङमा खर्च गर्नुपर्नेछ ।
- ससाना क्षेत्रफलको सामुदायिक वन दर्ता नगरी त्यस्तो समूह वा वनलाई नजिकको सामुदायिक वनमा समायोजन गर्नु पर्ने ।

**अपेक्षित प्रतिफल :** सामुदायिक वनको व्यवश्थापन स्थानिय उपभोक्ता मार्फत भएको हुनेछ ।

**१८. सा.व.उ.स. को कार्ययोजना नवीकरण सहयोग (गरिब, महिला र दलित लक्षित जलवायु परिर्वतन अनुकूलन योजना)**

**कार्यक्रमको उद्देश्य**: **सामुदायिक वनको कार्ययोजना नविकरण गर्ने ।**

**मुख्य कृयाकलाप**: बैठक, भेला, वन सर्भेक्षण, कार्ययोजना तयारी र स्वीकृती ।

**कार्यान्वयन प्रकृया :**

- प्रचलित वन ऐन तथा वन नियमावली तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पुरा गरेर सम्पन्न गर्नुपर्नेछ ।

११

सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश

- कार्ययोजनाको अवधि समाप्त भएका र कार्ययोजना पुनरावलोकन र संशोधनको लागि समूहबाट माग भई आएका सा.व.को कार्ययोजना पुनरावलोकन गर्ने कार्यमा सरकारको तर्फबाट ब्यहोर्नु पर्ने खर्चको लागि यो शिर्षकको रकम खर्च गर्नुपर्नेछ ।
- समूहको कोषमा रकम नभएका समूहहरुलाई प्राथमिकता दिनुपर्नेछ ।
- यो कार्यक्रम डिभिजन वन कार्यालयका कर्मचारी र सेवा प्रदायकबाट संचालन गर्न सकिनेछ ।
- कार्ययोजना पुनरावलोकन गर्दा सामुदायिक वन स्रोत सर्भेक्षण मार्गदर्शन अनुसार वन स्रोत सर्भेक्षण गर्ने तथा GPS बाट सीमा सर्भेक्षण तथा स्थाई प्लट राखी सो समेत खुल्ने गरी सामुदायिक वनको बिस्तृत नक्शा तथा फिल्ड बुक समेत पेश गर्नुपर्नेछ ।
- दलित, महिला, गरिब लक्षित समुदायको लागि आयआर्जन कार्यक्रम तथा जलवायु परिवर्तन अनुकूलन योजना समावेश गर्नुपर्नेछ ।
- यस शिर्षकको बजेट रकम वन स्रोत सर्भेक्षण, नक्शा तयारी, टोल तथा समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार, टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्नुपर्नेछ ।
- जिल्लाभित्र सामुदायिक वनहरुको कार्ययोजना नविकरण खर्चको ईष्टीमेटमा सकेसम्म एकरुपता कायम गर्नु पर्ने तथा वन श्रोत सर्वेक्षण गर्नु नपर्ने — वृक्षारोपण क्षेत्रमात्र रहेको, खाली चौरमात्र रहेको वा ३ (तीन) हेक्टर क्षेत्रफल भन्दा कम भएको सामुदायिक वनका लागि रु १२००० मात्र खर्च गर्न सकिने ।

**अपेक्षित प्रतिफल :** गरिब, महिला र दलित लक्षित जलवायु परिर्वतन अनुकूलन योजना सहितको सामुदायिक वन कार्ययोजना नविकरण भएको हुनेछ ।

**१९. सामुदायिक वन व्यवस्थापन स्थलगत अभ्यास तथा तालिम र उपभोक्ता समुहलाइ वन ब्यबस्थापन औजार हस्तान्तरण / वन उपभोक्ता समूहलाई वन ब्यवस्थापन औजार सहयोग**

**कार्यक्रमको उद्देश्य :** उपभोक्तालाई वन संवर्धनका कृयाकलापहरुको अभ्यास मार्फत तालिम प्रदान गर्ने ।

**मुख्य कृयाकलाप :** वन संवर्धनका कृयाकलापहरु (झाडी सफाई, थिनिङ, एक्लाउने, प्रुनीङ, इम्प्रुभमेन्ट फेलिङ, वृक्षारोपण, गोडमेल, विउ संकलन) सिकाई तथा स्थलगत अभ्यास , वन व्यवश्थापन औजार खरिद ।

**कार्यान्वयन प्रकृया :**

- सब डिभिजन वन कार्यालयबाट बिषयबस्तु सहितको प्रशिक्षण योजना बनाई स्थलगत रुपमा प्रशिक्षण गर्ने ।
- यस कृयाकलापबाट खाजा, स्टेशनरी र सहजीकरण गर्ने कर्मचारीलाई प्रशिक्षण भत्तामा खर्च गर्न सकिनेछ ।
- कार्यक्रम सम्पन्न भएपछि प्रशिक्षण अनुसार कार्यान्वयन गर्न समूहको योजना बनाउन लगाउने ।
- वन उपभोक्ता समूहलाई वन ब्यवस्थापन औजार सहयोग कार्यक्रम सञ्चालनका लागी वन सर्भेक्षण, वन संवर्धन र सदुपयोगको लागि आवश्यक पर्ने सामग्रीहरु (जि.पि.एस., रेन्ज फाईन्डर, चेन सः, क्रसकट



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश

सः, प्रनिङ सः, वो सः, विभिन्न साईजका टेपहरु, बन्चरो, हँसिया, सेफ्टी हेलमेट, पन्जा आदि ) को सूची तयार गर्ने।

- प्रचलित नियमानुसार सामाग्री खरिद गर्ने ।
- डिभिजन वन कार्यालयले तयार गरेको आधार पुगेका सव डिभिजन वन कार्यालयहरुबाट सिफारिस भएका सामुदायिक वन उपभोक्ता समूहहरुलाई सामग्रीहरु हस्तान्तरण गर्ने ।
- स्थलगत अभ्यास र अनुशिक्षणको क्रममा सामग्री प्रयोग गर्ने विधि र प्रकृयाहरु सिकाउने ।

**अपेक्षित प्रतिफल :** वन संवर्धनका कृयाकलापहरु सहित वनको व्यवश्थापन भएको हुनेछ ।

**२०. वन सर्भेक्षण सामग्री खरिद**

**कार्यक्रमको उद्देश्य;** वन पैदावार मापन, सर्भेक्षण र वन ब्यवस्थापनमा सहयोग पुरयाउने ।

**मुख्य कृयाकलापः** सामग्रीको सूची तयार गर्ने, खरिद गर्ने ।

**कार्यान्वयन प्रकृयाः**

- वन कार्यालयबाट उपलब्ध गराउनु पर्ने प्राविधिक सहयोगको लागि आवश्यक पर्ने वन पैदावार मापन, सर्भेक्षण र ब्यवस्थापनको लागि आवश्यक पर्ने सामग्रीहरुको सूची तयार गर्ने ।
- नियमानुसारको प्रकृया अवलम्वन गरी सामग्री खरिद गर्ने ।

**अपेक्षित प्रतिफलः** वन कार्यालयले उपलब्ध गराउने प्राविधिक कार्य गर्न छिटो, सरल र प्रभावकारी हुने ।

**२१. एक सामुदायिक वन एक संरक्षण पोखरी**

**कार्यक्रमको उद्देश्य:** सामुदायिक वन क्षेत्रमा संरक्षणमूलक पोखरी निर्माण गर्ने ।

**मुख्य कृयाकलाप:** पोखरी पूनर्निर्माण तथा नव निर्माण ।

**कार्यान्वयन प्रकृया :**

- पोखरी निर्माण तथा सुधार, मुहानबाट पानी पोखरीमा ल्याउन पाइप तथा Water Channel, वर्षादको पानी संकलन र भल व्यवस्थापन ।
- परम्परागत साना पोखरी भएका क्षेत्र तथा सम्भव भए सम्म रुखविरुवा नभएको सामुदायिक वनको खाली क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ ।
- निर्माण क्षेत्रको नक्साङ्कन, लगत ईष्टिमेट तयार तथा स्वीकृत गरी उपभोक्ता समूहको योगदानलाई समेत सुनिश्चित गरी पानी पोखरी निर्माण तथा मुहानबाट पानी पोखरीमा ल्याउन पाइप तथा Water Channel को निर्माण तथा मर्मतमा खर्च गर्न सकिनेछ ।
- सामुदायिक वन लगायतका निकाय सँगको सहलगानीमा यो कार्यक्रम संचालन गर्न सकिने छ ।

**अपेक्षित प्रतिफल :** सामुदायिंक वनमा संरक्षणमूलक पोखरी निर्माण भई वन्यजन्तुलाई जंगलमै पानी हुनाले वन्यजन्तु द्वन्द कम हुने र खानेपानी मुहानहरु रिचार्ज भएको हुनेछ ।

सचिव

२२. वृक्षारोपण सहयोग/वृक्षारोपण क्षेत्रमा पर्खाल निर्माण बार बन्देज

**कार्यक्रमको उद्देश्य:** हरियाली प्रवर्द्धन गर्ने ।

**मुख्य कृयाकलाप:** वृक्षारोपण तथा रोपण भएका विरुवाको संरक्षण ।

**कार्यान्वयन प्रकृया :**

- विरुवा ढुवानी, वृक्षारोपण, संरक्षण (हेरालु), घेरबार, ढुंगाको पर्खाल, जैविक बार, होर्डिङ्ग बोर्ड ।
- खाली वन क्षेत्र भएका समूहबाट वृक्षारोपणका लागि माग गरेको निवेदन लिने ।
- सव डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयबाट सर्भे नक्सा तयार गरी क्षेत्रफल अनुसार लागत अनुमान तयार गर्ने ।
- विभागीय नर्मश अनुसार कार्य सम्पन्न गरी सम्बन्धित समूहसँग प्रति हेक्टर उपलब्ध हुन सक्ने रकम उपलब्ध हुने गरी सम्झौता गर्ने ।
- वृक्षारोपण क्षेत्रलाई तारबार, जैविक बारबाट संरक्षण गर्नु परेमा जिल्ला दररेट तथा नर्मश अनुसार लागत अनुमान तयार गर्ने र उपभोक्ता समूहसँग सम्झौता गरी कार्यसम्पन्न गर्नुपर्नेछ ।
- मनाङ र मुस्ताङ जिल्लामा वृक्षारोपण गर्दा ठूला कटिङ्ग विरुवा लगाउनु पर्ने हुँदा उक्त स्थानहरुमा मेस जाली वा ढुंगाको पर्खाल, लगाई संरक्षण गर्न सकिनेछ । मेस जाली वा ढुंगाको पर्खाल निर्माण गर्दा नर्मश वा जिल्ला दररेट अनुसार गर्नुपर्नेछ ।
- जैविक बार लगाउनु परेमा स्थानीयरुपमा उपलब्ध जैविक सामग्रीहरु जस्तैः सजिवन, निलकाँडा, बाँस जस्ता सजिलै सर्ने खालका वनस्पतीको प्रयोग गर्नुपर्छ ।

सामुदायिक र कवुलियती वन बाहेका क्षेत्रहरुमा उपभोक्ता समूह गठन गरी वृक्षारोपण व्यवस्थापन कार्ययोजना बनाई डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनुपर्नेछ ।

**अपेक्षित प्रतिफल :** वनको क्षेत्रफल तथा गुणस्तरमा वृद्दी भएको हुनेछ ।

२३. जडीबुटी/गैह्रकाष्ठ विरुवा रोपण सहयोग

**कार्यक्रमको उद्देश्यः** जडीबुटीको खेती विस्तार र उत्पादन वृद्धि गरी आयआर्जन वढाउने ।

**मुख्य कृयाकलापः** सूचना प्रकाशन, सम्झौता, जग्गा तयारी, विरुवा रोपण , प्रतिवेदन, भुक्तानी ।

**कार्यान्वयन प्रकृयाः**

- जिल्लाको फोकल टिमबाट छनौट भएका जडीबुटी/गैह्रकाष्ठ विरुवा रोपणमा सहयोग गर्ने ।
- जडीबुटी/गैह्रकाष्ठ विरुवा रोपण गर्न ईच्छुक कृषक, संघ, संस्थाका लागि आधारहरु तयार गरी सूचना प्रकाशित गरी प्रस्ताव आब्हान गर्ने । प्रस्तावको ढाँचा डिभिजन वन कार्यालयले उपलब्ध गराउने ।
- पेश भएका प्रस्तावहरु मध्येबाट वजेटको परिधिभित्र रही सहयोग गर्न सकिने प्रस्ताव छनौट गरी सिफारिस गर्ने ।
- छनौट भएको प्रस्तावसँग कार्यालयले सम्झौता गर्ने र कार्यदिश दिने ।

सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश पोखरा

- फिल्ड निरिक्षण गरी विरुवा रोपण प्रतिवेदनको सिफारिसको आधारमा टिमुर, लौठसल्ला, सिल्टिमुर र सतुवा प्रजातीका प्रचलित र जिल्ला दर रेट अनुसार सम्वन्धित व्यक्ति, समूह तथा संस्थालाई भुक्तानी दिने ।

**अपेक्षित प्रतिफलः** जडीबुटीको खेती विस्तार हुने ।

**२४. लोपोन्मुख प्रजातिको संरक्षण अध्ययन अनुसन्धान समेत**

**कार्यक्रमको उद्देश्यः** जैविक विविधताको संरक्षण गर्ने ।

**मुख्य कृयाकलापः** पहिचान, अध्ययन, अनुसन्धान र संरक्षण (In-situ and Ex-situ conservation) तथा व्यवस्थापन ।

**कार्यान्वयन प्रकृया :**

- वन क्षेत्रका प्रमुख लोपोन्मुख (वनस्पती तथा वन्यजन्तु) प्रजातिहरु छनौट गरी सो पकेट क्षेत्र नक्सांकन गर्ने, लोपोन्मुख प्रजातिका वन्यजन्तुहरु संरक्षणको लागि अध्ययन अनुसन्धान गर्ने र संरक्षणका लागि आवश्यक कार्यहरु सम्बन्धित कार्यालयबाट जनशक्ति परिचालन गरी सम्पन्न गर्नुपर्नेछ । कार्यालयको जनशक्तिबाट सम्पादन गर्न संभव नभएमा अध्ययन अनुसन्धान कार्य परामर्शदाताबाट गराउन सकिनेछ।
- अध्ययन कार्य प्रचलित नर्मश र जिल्ला दररेट तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई संचालन गर्नुपर्दछ ।
- प्रजातिहरुको संरक्षणका लागि समुदाय स्तरमा भएका सामुदायिक वन उपभोक्ता समूह, संरक्षित वन परिषद भएका क्षेत्रहरुमा भए सोही समूहहरु मार्फत संरक्षण र व्यवस्थापनका कार्यहरु गर्नुपर्नेछ । सम्बन्धित समूहहरुसँग सम्झौता गरी लागत अनुमान र संरक्षणको कार्य सम्पादनको आधारमा यस शिर्षकमा विनियोजित रकमबाट समेत भुक्तानी दिन सकिनेछ ।
- संरक्षण र व्यवस्थापनमा स्व–स्थानीयसंरक्षण (In-situ Conservation) लाई प्राथमिकता दिनुपर्नेछ ।

**अपेक्षित प्रतिफल :जैविक विविधताको संरक्षण भएको हुनेछ ।**

**२५. पञ्चबर्षीय वन व्यवस्थापन कार्ययोजना तयारी IEE सहित**

**कार्यक्रमको उद्देश्यः** जिल्लाको वन व्यवश्थापन कार्ययोजना तयार गर्ने ।

**मुख्य कृयाकलापः** IEE तथा कार्ययोजना तयार ।

**कार्यान्वयन प्रकृया :**

- व्यवस्थापन योजना तयार गर्न डिभिजन वन कार्यालयले कार्यसूची (TOR) वनाई स्वीकृत गराउने,
- सूचना प्रकाशन, सरोकारवालासँग छलफल, अन्तरकृया, श्रोत सर्वेक्षण, अति आवश्यक फिल्ड सामग्री खरिद, स्टेशनरी, नक्सा फोटो खरिद, टाइपिङ प्रिन्टिङ, IEE तयारीका कार्य, IEE तथा कार्ययोजना सम्बन्धी निर्देशनालयमा हुने समिक्षा तथा प्रस्तुतीकरण लगायतका कार्यहरु गर्ने ।
- डिभिजन वन कार्यालयबाट तयार भएको कार्ययोजना र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतीको लागि टिप्पणी साथ वन निर्देशनालयमा पेश गर्नुपर्नेछ । मस्यौदा प्रति अध्ययन गरी थप संशोधन गर्नुपर्ने विषय समावेश गर्न निर्देशनालयको प्राविधिक समितिको वैठकले जानकारी गराउनेछ। प्रस्तुतिकरणमा प्राप्त उपयुक्त राय सुझावहरुलाई समावेश गरी अन्तिम मस्यौदा कार्ययोजना स्वीकृतिको



सचिव

प्रदेश सरकार
वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

लागि पेश गर्नुपर्नेछ । यो कार्यक्रम डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारी वा सेवाप्रदायकबाट सम्पादन गर्न सकिनेछ ।

**अपेक्षित प्रतिफल : जिल्लाको वन व्यवस्थापन कार्ययोजना तयार भई लागु भएको हुनेछ ।**

**२६. एक कलष्टर एक उत्पादन : अम्रिसो, भुँईकटहर, अलैची, बाँस तथा अन्य गैह्र काष्ठ वन पैदावार**

**कार्यक्रमको उद्देश्य:** वृहद क्षेत्रमा गैह्र काष्ठ वन पैदावारको उत्पादन गर्ने ।

**मुख्य कृयाकलाप:** गैरकाष्ठ वन पैदावार उत्पादन ।

**कार्यान्वयन प्रकृया :**

- गैरकाष्ठ वन पैदावार रोपण, संरक्षण तथा जीविकोपार्जन सुधार योजनाले औल्याएका कृयाकलापहरु ।
- डिभिजन तथा सब डिभिजन वन कार्यालयका कर्मचारीहरुको प्राविधिक सहयोग लिएर कबुलियती वन उपभोक्ता समूहले यो कार्यक्रम संचालन गर्नु पर्नेछ ।
- पहिले नै स्थापित भएका क्लष्टरहरु र एक आपसमा जोडिएका, पायक पर्ने (सामान्यतया दशसम्म) कबुलियती वन समूहहरुलाई एक क्लष्टर मानी एकै किसिमका पैदावार उत्पादन हुने गरी आयमूलक कार्यक्रम अन्तर्गत आवश्यक बिरुवा उत्पादन र खरिद गरी रोपण तथा संरक्षण गर्न अनुदान प्रदान गरिनेछ ।
- यस कार्यक्रममा विनियोजित बजेट क्लष्टरमा बढी भन्दा बढी क्षेत्र ढाक्ने गरी र उपभोक्ताहरुको आय आर्जनमा टेवा पुग्ने कार्यक्रममा खर्च गरिनुपर्नेछ ।

**अपेक्षित प्रतिफल : वृहद क्षेत्रमा गैह्र काष्ठ वन पैदावारको उत्पादन भएको हुनेछ ।**

**२७. वन अपराध नियन्त्रण/सहभागितामूलक अतिक्रमण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण/अतिक्रमण तथा चोरी शिकारी नियन्त्रणका लागि गस्ती परिचालन र वन तथा वन्य जन्तु सम्बन्धि अपराधको अनुसन्धान तहकिकात र मुद्दा दायरी**

**कार्यक्रमको उद्देश्य:** वन तथा जैविक विविधताको संरक्षण गर्ने ।

**मुख्य कृयाकलाप:** वन अनूगमन, वन अपराध नियन्त्रण ।

**कार्यान्वयन प्रकृया :**

- वन गस्ती, वन अतिक्रमण, चोरी शिकारी तथा चोरी कटानी नियन्त्रण, वन अपराधी पक्राउ र अभियोजन, सरोकारवाला बीच समन्वय बैठक, सुराकी परिचालन र सुरक्षाकर्मी परिचालन, गाडी मर्मत तथा ईन्धन मा खर्च गर्न सकिने
- वन तथा वन्यजन्तुसँग सम्बन्धित अपराधहरु नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि प्रचार प्रसार, गस्ती परिचालन, सुराकी परिचालन गर्नुपर्नेछ ।
- वन अपराध नियन्त्रणको लागि आवश्यक सुरक्षा सामाग्रीहरु, इन्धन/गाडी भाडा, खाना, खाजा, सुरक्षा निकायसँग समन्वय, मसलन्द खर्च लगायतका शिर्षकहरुमा खर्च गर्न सकिने तर दैनिक भ्रमण भत्ताका लागि खर्च गर्न सकिने छैन ।
- अपराध अनुसन्धान तथा मुद्दा दायरी, अनुसन्धानको कार्यअघि बढाउने क्रममा आवश्यक सूचना सङ्कलन तथा संचारमा लाग्ने खर्चका साथै साक्षीहरुको सवारी भाडामा समेत खर्च गर्न सकिनेछ ।



सचिव

प्रदेश सरकार
वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- डिभिजन वन कार्यालयहरु मार्फत स्थानीय प्रशासन, प्रहरीको सहयोगमा वन अपराध तथा अतिक्रमण नियन्त्रण गरिनुका साथै सो सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्नुपर्नेछ ।
- पक्राउ पर्ने मालवस्तु र सवारी साधन तथा वन पैदावारलाई सुरक्षित स्थानसम्म ढुवानी गर्न लाग्ने खर्च यस शिर्षकबाट गर्न सकिनेछ ।
- कार्यक्रम सम्पन्न पश्चात गरिएका कृयाकलापहरु समेटी प्रतिवेदन तयार गर्नु ।

**अपेक्षित प्रतिफल : वन तथा जैविक विविधताको संरक्षण कार्य व्यवस्थित र चुस्तदुरुस्त भई कानून कार्यान्वयनमा सहजता आउनेछ ।**

## २८. कवुलियती वन नविकरण तथा कबुलियती वन सुधार कार्यक्रम

**कार्यक्रमको उद्देश्य: कवुलियती वन क्षेत्रको पुनर्थापना तथा समुह सदस्यहरुको जीविकोपार्जनमा सुधार ।**

**मुख्य कृयाकलाप:**

- उपभोक्ता समूह गठन, विधान तयारी, वन कार्ययोजना तयारी र हस्तान्तरण तथा वन कार्य योजना नवीकरण, वृक्षारोपण, गोडमेल, बारबन्देज, आगलागी नियन्त्रण तथा वन संवद्र्धन लगायतका वन सुधारका कृयाकलापहरु ।

**कार्यान्वयन प्रकृया :**

- कबुलियति वन सुधार कार्यक्रमका लागि छुट्याइएको रकम जिल्लामा विगत देखि सञ्चालनमा आएका सामुदायिक तथा कबुलियती वन विकासका कार्यक्रमलाई निरन्तरता दिन वा आवश्यक नयाँ कृयाकलापहरु सञ्चालन गर्नका लागि एकमुष्ठ रुपमा विनियोजित बजेटलाई Break Down गरी प्रचलित नर्मस बमोजिम लागत ईस्टिमेट तयार गरी वन निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ।

**अपेक्षित प्रतिफल :** कवुलियती वनको पुनस्थापन भइ समुह सदस्यहरुको जीविकोपार्जनमा सुधार भएके भएको हुनेछ ।

## २९. कवुलियती वन समूहमा संस्थागत सुदृढिकरण

**कार्यक्रमको उद्देश्य:** कवुलियती वन समूहको संस्थागत क्षमता बढाउने ।

**मुख्य कृयाकलाप:** समूहको बैठक, कार्यालय र लेखा संचालनको लागि चाहिने सामग्री छपाई र खरिद तथा हस्तान्तरण ।

**कार्यान्वयन प्रकृया:**

- कार्यालयको रेकर्डबाट विगतमा सहयोग नपाएका क्लस्टरहरु मध्येबाट समूह छनौट गर्ने । समूह छनौट गर्ने आधारहरु कार्यालयले तयार गर्ने ।
- प्रशासनिक र लेखा संचालनको लागि आवश्यक पर्ने कागजात सामग्रीहरु तथा राख्ने सामान समेतको सूची समूहसँग समन्वय गरी तयार गर्ने ।
- सामग्री छपाई र खरिद गरी हस्तान्तरण गर्ने ।

**अपेक्षित प्रतिफल:** कवुलियती वन समूहहरुको संस्थागत सुदृढिकरण हुने ।

सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

## ३०. स्कुल शिक्षा कार्यक्रम

**कार्यक्रमको उद्देश्य:** विद्यार्थीहरुमा वन, वातावरण तथा प्रकृती संरक्षणमा जागरुक गराउने ।

**मुख्य कृयाकलाप:** शिक्षण, प्रतियोगिता, चेतनामूलक कार्यक्रम ।

**कार्यान्वयन प्रकृया :** प्रस्तुती तयारी, विद्यालयमा अतिरिक्त कक्षा संचालन, वक्तृत्वकला, हाजिरी जवाफ तथा आवस्यकता अनुसार अन्य सृजनात्मक कृयाकलाप संचालन गर्ने

- वन तथा वातावरण देखिएका सवाल तथा जोखिम बढी भएका विद्यालयहरुको छनौट गर्ने ।
- कार्यक्रमको प्रभाव र जलवायु परिवर्तन सम्बन्धी प्रस्तुतीकरण तयार गर्ने ।
- यस शिर्षकको रकम बाट विद्यायलयका विद्यार्थीहरुलाई चिया, खाजा र प्रशिक्षकहरुलाई प्रशिक्षण भत्ता उपलब्ध गराउन सकिने ।
- प्रभावकारीता हेरी वक्तृत्वकला तथा हाजिरी जवाफ प्रतियोगिता संचालन गर्न सकिने ।
- वातावरण सम्बन्धी स्कूलहरुमा सृजनात्मक चेतनामूलक कार्यक्रम संचालन गर्ने र सो का लागि लाग्ने यातायात तथा भ्रमण खर्च तथा अन्य मसलन्द सामग्री खरिद गर्न सकिने ।

**अपेक्षित प्रतिफल :** विद्यार्थीमा प्रकृती तथा वातावरण संरक्षणको भावनामा वृद्दी भएको हुनेछ ।

## ३१. बाह्य मिचाहा प्रजातिको नियन्त्रण

**कार्यक्रमको उद्देश्य:** बाह्य मिचाहा प्रजातिको नियन्त्रण गर्ने ।

**मुख्य कृयाकलाप:** जनचेतना, स्थलगत अभ्यास, सामाग्री खरिद ।

**कार्यान्वयन प्रकृया :**

- स्थानीय समुदायसँग अन्तरक्रिया कार्यक्रम, जनचेतनाका कार्यक्रम, प्रचार प्रसार सामग्री प्रकाशन तथा वितरण, मिचहा प्रजाति हटाउने कुनै प्रविधि सम्बन्धी स्थलगत अभ्यास, औषधी तथा औजार खरिद तथा मिचाहा प्रजातिको नियन्त्रण ।
- मुख्य बाह्य मिचाहा प्रजातिहरु पहिचान गरी हटाउने योजना बनाउने ।
- समुदायमा आधारित वन प्रणालीमा भए समूहसँग संझौता गरी अनुदान दिने ।
- सरकारी वन क्षेत्रमा भए प्रचलित नर्मश अनुसार अमानत वा टेण्डरबाट हटाउने ।
- कार्यालयबाट नियमानुसारको कन्टिन्जेन्सी छुट्याई प्रजाति तथा क्षेत्र पहिचान गर्ने र अनुगमन गर्न सकिनेछ ।
- सा.व. ब्यबस्थापन प्रणालि भन्दा बाहिरको क्षेत्रमा अमानतबाट नियमानुसार गर्न सकिने छ ।

**अपेक्षित प्रतिफल :** बाह्य मिचाहा प्रजातिको नियन्त्रण भएको ।

## ३२. नर्सरी मर्मत/नयाँ नर्सरी स्थापना (जडीबुटी नर्सरी समेत)

**कार्यक्रमको उद्देश्य:** विरुवा उत्पादन गर्ने ।

**मुख्य कृयाकलाप:** निर्माण, मर्मत सुधार ।

**कार्यान्वयन प्रकृया :**

- डिभिजन वन कार्यालयहरु र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुमा रहेका नर्सरीमा सिंचाईको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारबार वा पर्खाल, ओभरहेड वाटर टयाङ्की, स्टोर हाउस,



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

कम्पोष्ट पिट, सेडहाउस, हरेक बेडमा पाईप जडान गरी स्पिरिङकल सिँचाईको व्यवस्था, प्रजातिको नेम-प्लेट, होर्डिङ्ग बोर्ड तथा यस्तै अन्य मर्मत तथा स्तरोन्नती सम्बन्धि कार्यहरु ।

- पुराना नर्सरीहरुको सामान्य मर्मत तथा त्यस नर्सरीको स्तरउन्नती गर्ने कृयाकलाप संचालन गरिनेछ।
- नयाँ नर्सरी स्थापना गर्ने कार्यक्रम भएमा उपयुक्त स्थान छनौट (मोहडा, पानी सिंचाई, विरुवा ढुवानी गर्ने बाटो) गर्नुपर्नेछ ।
- खर्च अनुमान गर्दा वन तथा वातावरण मन्त्रालयको प्रचलित स्वीकृत नर्मश तथा प्रचलित जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ ।
- कार्यतालिका तयार गरी समयमै बजेट तथा अख्तियारी प्राप्त भएको अवस्थामा प्रथम चौमासिकको अवधिमा नर्सरी मर्मत को कार्यहरु गर्नुपर्नेछ ।
- यो कार्य अमानत वा सार्वजनिक खरिद ऐन मार्फत गर्न सकिनेछ ।

**अपेक्षित प्रतिफल :** नर्सरीको निर्माण तथा सबलिकरण गरि गुणस्तर विरुवा उत्पादन गर्ने ।

**३३. स्थानीय वन समूहहरु, सा.व.उ.स. मार्फत विरुवा उत्पादन सहयोग अनुदान**

**कार्यक्रमको उद्देश्य:** विरुवा उत्पादनमा स्थानिय जनतालाई सहभागि गराउने ।

**मुख्य कृयाकलाप:** समूह पहिचान, सम्झौता, विरुवा उत्पादन ।

**कार्यान्वयन प्रकृया :**

- समुह वाट विरुवा उत्पादन गर्ने कार्यका लागि विरुवाको गुणस्तर र संख्याको अनुगमन तथा प्राविधिक सहजीकरण सव डिभिजन वन कार्यालयका प्राविधिकले गर्नु पर्ने छ उक्त कार्यको लागि लाग्ने खर्च विरुवा उत्पादन वजेट वाट नै गर्नु पर्ने छ ।
- धेरै वृक्षारोपण गर्नुपर्ने र खाली स्थान भएका समूहहरुको पहिचान र छनौट ।
- डिभिजन वन कार्यालयले वृक्षारोपण योजना अनुरुप वृक्षारोपण गर्न स्थानीय हावापानी सुहाँउदो प्रजातिका बिरुवा सामुदायिक वनहरुसँग सम्झौता गरी त्यस्ता सामुदायिक वन उपभोक्ता समूहहरुले उत्पादन गर्नुपर्नेछ ।
- सम्झौता बमोजिमका बिरुवा उत्पादन भएपछि बिरुवाको गुणस्तर चेकजाँच गरी प्रति विरुवा साना विरुवाको रु १५ र जडिवुटी बिरुवाको हकमा रु २० दरले अनुदान उपलव्ध गराइने छ ।
- विरुवा वितरण र रोपणको अभिलेख अधावधिक राख्नुपर्दछ ।
- स्वीकृत विभागीय नर्मस् अनुसारको विरुवा उत्पादन कार्यको प्रजातिको साईज र संख्या उपलब्ध गराउनु पर्ने समय निर्धारण गरी सम्झौता गर्ने ।
- कार्य प्रारम्भ गर्न सम्झौता अनुसार नियमानुसार पेश्की उपलब्ध गराउने ।

**अपेक्षित प्रतिफल :** जनशहभागितामा विरुवा उत्पादन भएको हुनेछ ।

सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

### ३४. निजी नर्सरी स्थापनाका लागि अनुदान/विरुवा उत्पादन अनुदान

**कार्यक्रमको उद्देश्यः** विरुवा उत्पादन गरी वितरण गर्ने ।

**मुख्य कृयाकलापः** स्थान छनौट, सम्झौता, नर्सरी स्थापना वा विरुवा उत्पादन र विरुवा वितरण

**कार्यान्वयन प्रकृयाः**

- सव डिभिजन वन कार्यालयहरुबाट निजी नर्सरीको लागि नयाँ नर्सरी तथा स्तरोन्नतीको लागि उपर्युक्त स्थान छनौट गरी सिफारिस गर्ने ।
- नर्सरी स्थापना तथा विरुवा उत्पादनको लागत अनुमान तयार गरी स्वीकृत भए पश्चात नर्सरी संचालक र डिभिजन वन कार्यालय विच सम्झौता गरिनेछ । नयाँ नर्सरी स्थापना तथा हुन नसकेमा विरुवा उत्पादन कार्यमात्र गर्ने गरी सम्झौता गर्न सकिनेछ ।
- नर्सरी स्थापनाको लागि चाहिने सामग्री खरिद तथा ढुवानी वापतको रकम कार्यालयबाट भुक्तानी हुनेछ भने श्रमिकको ज्याला र निर्माण समेतका कार्य नर्सरी संचालकले आँफै व्यवस्था गर्नुपर्नेछ । वन कार्यालय र निजी नर्सरी संचालक वीच भएको सम्झौतामा उल्लेखित विरुवाहरु उत्पादन गरे वापत प्रति जडीबुटी प्रजातिको विरुवाको हकमा रु२०।- र अन्य प्रजातिको हकमा प्रति विरुवा रु.१५।- का दरले अनुदान रकम उपलब्ध गराईनेछ । अनुदान उपलब्ध गराई उत्पादन भएका विरुवाहरु नर्सरी संचालकले निःशुल्क रुपमा वितरण गर्नु पर्नेछ ।
- विरूवा वितरण गर्दा पछी नमुना अनुगमनका लागि व्यवस्थित तरीकाले विरूवा लैजानेको स्पष्ट नाम, ठेगाना र मोबाइल नम्बर सहितको लगत राखी डिभिजन वनमा बुझाउनु पर्नेछ ।
- स्थलगत अनुगमन गरी कार्य सम्पन्न भएको प्रतिवेदन प्राप्त भएपछि कार्यालयबाट भुक्तानी हुनेछ ।
- निजि नर्सरी स्थापनाका लागि अनुदान नर्सरी स्थापना गर्दा बाटो निर्माण, वेड तयारी, ईट्टा खरिद, गिट्टि, पानीको व्यवस्था, सेड निर्माण, नर्सरीको सेड हाउस निर्माण आदि कार्यमा गराईनेछ ।

**अपेक्षित प्रतिफलः** खाली जग्गामा वन बिरुवा रोपण गरी रुखले ढाकेको क्षेत्र विस्तार हुनेछ ।

### ३५. सामाजिक परिचालन सेवा/ पञ्चासे वन संरक्षण क्षेत्र संस्थागत सुदृढिकरण (रेञ्जर र जिल्ला सुपरभाइजर र का.स. समेत) / कबुलियति वन जिल्ला संयोजक

**कार्यक्रमको उद्देश्य:** वन संरक्षण क्षेत्रमा मानव संशाधनको व्यवश्थापन गर्ने ।

**मुख्य कृयाकलापः** आवश्यक मानिवय श्रोतको नियुक्ति, व्यवश्थापन ।

**कार्यान्वयन प्रकृया :**

- रेञ्जर, जिल्ला सुपरभाइजर, जिल्ला संयोजक वा सहजकर्ता वा समूह उत्प्रेरकलाई पारिश्रमिक उपलब्ध गराउने ।
- यो कार्यक्रम वन संरक्षण क्षेत्र, कबुलियती वन क्लष्टर तथा साझेदारी वन व्यवस्थापनमा सामाजिक समावेशीकरण तथा सकृयता वृद्धि गर्नुपर्ने स्थानहरुमा लागु गरिनेछ ।

सचिव

प्रदेश सरकार
वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- समूह उत्प्रेरकहरुको हकमा कम्तीमा दश कक्षा उतीर्ण गरेको महिला हुनुपर्नेछ । विगतदेखि कार्यरत रेञ्जर, जिल्ला सुपरभाइजर, जिल्ला संयोजक र उत्प्रेरक वा सहजकर्तालाई प्राथमिकता दिई नियुक्ती गर्ने र सम्झौता गरी सेवा र सुविधा विभागीय नर्मसले तोके अनुसार वार्षिक रुपमा दिनुपर्नेछ । रेञ्जरको हकमा वन विज्ञानमा प्रमाण पत्र तह उतिर्ण गरेको हुनु पर्ने छ र जिल्ला सुपरभाइजरको हकमा नयाँ नियुक्ति गर्दा न्यूनतम प्रमाण पत्र तह वा सो सरह उर्तीण भएका सोहि जिल्लाबासी मध्येबाट प्रतिस्पर्धा गराई नियुक्ति गर्नुपर्नेछ ।
- छनौट भएका उत्प्रेरक तथा जिल्ला सुपरभाइजर उत्प्रेरकलाई डिभिजन वन कार्यालयका योजना तथा व्यवस्थापन शाखामा कार्यरत अधिकृतले कार्य विवरण तयार गरी निजहरुले काम गर्नुपर्ने छ पञ्चासे वन संरक्षण क्षेत्रको हकमा प्रवन्धकले कार्य विवरण तयार गरी कार्यान्वयन गर्नु पर्ने छ ।
- जिल्ला सुपरभाइजरले सहजकर्ता तथा उत्प्रेरकले सम्पादन गरेका कार्यको प्रत्येक महिनामा बैठक बसी समिक्षा गर्नुपर्नेछ ।
- सुपरभाईजरको तलव मासिक २२ हजार हुनेछ भने रेञ्जरको निजामति सेवाको समान स्तरको कर्मचारीको तलबमान बरावर हुनेछ ।

**अपेक्षित प्रतिफल :** वन संरक्षण क्षेत्रमा मानव संशाधनको व्यवश्थापन भएको हुनेछ ।

**३६. कृषि वन प्रवर्द्धन कार्यक्रम/कृषि वन सम्बन्धी अभिमुखिकरण/कृषि वन विकासका लागि क्षेत्र, घरधुरी छनौट सञ्चालिकरण/कृषि वन विकास तथा विस्तार कार्यक्रम/कृषि वन खेती विस्तार तालिम**

**कार्यक्रमको उद्देश्य:** कृषि वनको विकास गर्ने ।

**मुख्य कृयाकलाप:** सञ्जाल गठन, विरुवा उत्पादन, वितरण तथा वृक्षारोपण ।

**कार्यान्वयन प्रकृया :**

- अगुवा किसान, कृषि सहकारी कृषि समुहहरु मार्फत यो कार्यक्रम संचालन गरिने छ र सम्भव भए तिनको क्लस्टर अनुसार स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क (सञ्जाल) गठन गर्नु गरिनेछ।
- प्याकेज तालिम दिने, कृषिवन विस्तार गर्न समूह मार्फत विरुवा उपलब्ध गराउने, विरुवा ढुवानी र वृक्षारोपणको लागि अनुदान दिने ।
- आवश्यकता अनुसार कृषि वन सम्बन्धी फिल्ड स्तरिय कोचिङ्ग, प्याकेज सहितको तालिम नर्मश अनुसार संचालन गर्ने तथा उपलब्ध भए स्थानिय स्तरमा विद्यमान कृषक समूहसंग समन्वय गरी कार्य गर्न सकिने छ ।
- निजी जग्गामा कृषि वन प्रवर्धन गर्न आवश्यक डालेघाँस, जडीबुटी प्रजातिका विरुवा तथा बहुवर्षीय रुखहरु अमला, लप्सी, वेल आदि तथा आँप, लिचि, कटहर जस्ता फलफूल प्रजातिका बिरुवाहरु साथै अम्रिसो दिन सकिनेछ ।
- यसरी उपलब्ध गराउने बिरुवाहरू नर्सरीदेखि समूहसम्म लैजानको लागि ढुवानी र बजेट उपलब्ध भएमा प्रति विरुवा रोपणको लागि अधिकतम रू. १० सम्म खर्च गर्न सकिनेछ ।
- यो कृयाकलाप सम्पन्न गर्नका लागि आवश्यक परेमा स्थानीय कृषि ज्ञान केन्द्र तथा अन्य निकायसँग पनि समन्वय गर्न सकिनेछ ।

सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- रोपण भएका विरुवाहरूको लगत र विवरण सम्बन्धित सव डिभिजनले तयार गर्नुपर्नेछ ।

**अपेक्षित प्रतिफल :** कृषि वनको विकास भइ रोजगारी सिर्जना र आय आर्जनमा टेवा पुगेको हुनेछ ।

**३७.निजी तथा कृषि वन विकास कार्यक्रम**

**कार्यक्रमको उद्देश्य:** निजि क्षेत्रमा वनको विकास तथा कृषि वनको विकास गर्ने ।

**मुख्य कृयाकलाप:** सञ्जाल गठन, विरुवा रोपण ।

**कार्यान्वयन प्रकृया :**

- अगुवा किसान, कृषि सहकारी, कृषिसमुहरु मार्फत यो कार्यक्रम संचालन गरिने छ र सम्भव भए तिनको क्लस्टर अनुसार स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क (सञ्जाल) गठन गर्नु पर्नेछ ।
- प्याकेज तालिम दिने, कृषिवन विस्तार गर्न समूह मार्फत विरुवा उपलब्ध गराउने, विरुवा ढुवानी र वृक्षारोपणको लागि अनुदान दिने ।
- जिल्लामा निजी तथा कृषि वनको अभ्यास एवं सुरुवात गर्नु पर्नेछ । अगुवा किसानहरु, कृषि सहकारी मार्फत सम्भव भए तिनको क्लस्टर अनुसार स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क गठन गर्नुपर्नेछ ।
- निजी तथा कृषि वन विकास गर्न आवश्यक डालेघाँस, जडीबुटी प्रजातिका विरुवा तथा वहुवर्षीय रुखहरु अमला, लप्सी, बेल आदि जस्ता फलफूल प्रजातिका बिरुवाहरु साथै अम्रिसो आदिका विरुवा वा उन्नत विउबिजन, प्राङ्गारिक जैविक मल आदि खरिद गर्न सकिनेछ ।
- निजी तथा कृषि वन सम्बन्धी फिल्ड स्तरिय कोचिङ्ग तथा उपलब्ध भए स्थानीयस्तरमा विद्यमान कृषक समूहसंग समन्वय गरी कार्य गर्नुपर्नेछ ।
- यो कृयाकलाप सम्पन्न गर्नका लागि आवश्यक परेमा स्थानिय कृषि ज्ञान केन्द तथा अन्य निकायसंग पनि समन्वय गर्न सकिनेछ ।

**अपेक्षित प्रतिफल :** निजि क्षेत्रमा कृषि वनको विकास भएको हुनेछ ।

**३८. शहरी वन तथा हरियाली प्रवर्धन कार्यक्रम/ हरियाली प्रवर्धन कार्यक्रम/ सहरी सडक किनारा वृक्षारोपण तथा हरित प्रवर्धन कार्यक्रम**

**कार्यक्रमको उद्देश्य:** शहरी वन विकास तथा सौन्दर्यकरण गर्ने ।

**मुख्य कृयाकलाप:** विरुवा व्यवश्थापन, विरुवा रोपण तथा संरक्षण ।

**कार्यान्वयन प्रकृया :**

- सम्बन्धित स्थानीय तह, उपभोक्ता समूह र सरोकारवालाहरुसँग छलफल, स्थान पहिचान, सर्भेक्षण, विरुवा खरिद, वृक्षारोपण तथा संरक्षण ।
- नगरपालिका तथा शहरोन्मुख गाउँपालिकाका सार्वजनिक खाली क्षेत्र, सडक किनार, नदी किनार लगायतका स्थानहरुमा कार्यक्रम कार्यान्वयन गर्न सकिने ।
- हरियाली प्रवर्द्धन कार्यक्रमका लागि निजी, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, स्थानीय तहले तोकेको टोल सुधार संस्था र अन्य संघ संस्थाहरुको साझेदारीमा वृक्षारोपण साथै सार्वजनिक पर्ति

सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

अतिक्रमण हटाईएको जग्गामा वृक्षारोपण तथा संरक्षण गर्न सकिने । सम्बन्धित स्थानीय तह र वन कार्यालयको सह लगानीमा यो कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिइनेछ ।

- उपभोक्ता समूहसंग कार्यसम्पादन गर्न सम्झौता गर्नुपर्नेछ र संरक्षणको उचित व्यवस्था मिलाउनुपर्दछ ।
- प्रचलित नियमानुसार पेश्की उपलब्ध गराउन सकिने र कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन प्राप्त भए पछि अन्तिम भुक्तानी उपलब्ध गराइनेछ ।
- यस कार्यक्रमको लागि सकभर उपलब्ध भएसम्म बहुवर्षीय ठूला विरुवा रोपण गर्नुपर्नेछ ।
- सम्बन्धित सरोकारवालाहरु तथा स्थानीय तहसंग छलफल गरी संरक्षणको व्यवस्था मिलाउनुपर्दछ ।
- स्वीकृत बार्षिक कार्यक्रम अनुसारका कृयाकलापहरु प्रचलित नर्मश, जिल्ला दररेट, सार्वजनिक खरिद ऐन, नियम, मापदण्डअनुसार कार्यान्वयन गरी खर्च गर्नुपर्नेछ ।
- शहरी सडक किनारा वृक्षारोपण तथा हरित प्रवर्धन कार्यक्रम अन्तरगत स्थानीय रुपमा पाईने सामग्रीबाट निर्मित वा फलामको Tree Guard द्वारा बृक्षारोपणको स्याहार संभार गर्न सकिनेछ ।
- प्रचलित नियमानुसारको कन्टिन्जेन्सी छुट्याई सो रकमबाट अनुगमन कार्य गर्न सकिनेछ ।
- कार्य सम्पन्न भएपछि होर्डिङ बोर्ड राखी सम्पादित कामको फोटो, क्षेत्रफल (जि.पि.एस. को–अर्डिनेट), रोपिएका बिरुवा संख्या, प्रजाति (सहरी वनको हकमा Tag समेत लगाई), कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातहरु पेश गर्नुपर्नेछ ।

**अपेक्षित प्रतिफल :** शहरी वन विकास विकास तथा सडकहरुको सौन्दर्यकरण भएको हुनेछ ।

**३९. जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना र स्तरोन्नतीका लागि औजार तथा प्रविधि हस्तान्तरण ।**

**कार्यक्रमको उद्देश्य:** जडिबुटी उद्योग विकासका गर्ने ।

**मुख्य कृयाकलाप:** मेसिन तथा उपकरण खरिद, प्रशोधन केन्द्रको पूर्वाधार निर्माण, ।

**कार्यान्वयन प्रकृया :**

- Shade House निर्माण, ड्रायरको खरिद तथा स्थापना, प्रशोधनका लागि आवश्यक पर्ने मेसिन र उपकरणहरुको खरिद र आवश्यक पूर्वाधार निर्माण गर्ने ।
- उद्योग, प्रशोधन केन्द्रका लागि आवश्यक प्रविधियुक्त तालिम, भ्रमणको व्यवस्थापन गर्ने ।
- प्रदेशको जडीबुटी/गैरकाष्ठ वन पैदावार सम्बन्धी सम्भाव्यता अध्ययनले सिफारिस गरेका प्रजाति र यस प्रदेशका उच्च पहाडी जिल्लाहरु, पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने र खेती गरिने जडीबुटीहरु जस्तै टिमुर, सतुवा, सुगन्धवाल, तेजपात, अलैंची आदि र सुगन्धित वनस्पति जस्तै मेन्था, लेमनग्रास तथा लप्सी जस्ता वनस्पतिहरु भण्डारण र प्रशोधन गर्न यो कार्यक्रमबाट खर्च गर्न सकिनेछ। भण्डारण तथा प्रशोधन केन्द्र स्थापना गर्दा निम्न बुदाँहरु अपनाउनुपर्नेछ :
- यस प्रदेश अन्तर्गतका जिल्लाहरुमा पहिचान भएका प्रशस्त मात्रामा पाइने र खेती गरिने जडीबुटीहरु साथै सुगन्धित वनस्पतिहरुको पकेट क्षेत्रको सार्वजनिक स्थान वा निजी जग्गामा जडीबुटी भण्डारण र प्रशोधनका लागि Distillation Unit को स्थापना डिभिजन वन कार्यालय, स्थानीय तह र सरोकारवालाहरुको सहयोगमा गर्ने ।



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

डिभिजन वन कार्यालयले पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालयहरु र पकेट क्षेत्रका स्थानीय तहमा १५ देखि ३० दिने सूचना प्रकाशन गरी भण्डारण तथा प्रशोधन केन्द्र स्थापनाका लागि व्यक्ति, समूह र सहकारीहरुबाट प्रस्ताव आह्वान गर्नुपर्नेछ ।

- इच्छुक व्यवसायी, उद्यमी, सहकारी, सामुदायिक तथा कवुलियती वन समूह, वा जडीबुटी तथा गैरकाष्ठ व्यवसायमा संलग्न किसानले प्रकाशित सूचना बमोजिम व्यवसायिक योजना सहित, प्लान्ट स्थापना गर्ने क्षेत्रको चारकिल्ला सहित प्राविधिक तथा आर्थिक प्रस्ताव म्यादभित्र डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।
- प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावहरुको नियमानुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्तावको छनौट गर्नुपर्नेछ । प्रस्तावहरुको मूल्याङ्कन गर्दा कच्चा पदार्थ उपलब्धताको सुनिश्चितता, जडीबुटीको पकेट क्षेत्रमा उत्पादित पैदावारको प्रशोधन, लाभप्रद व्यावसायिक योजना, प्रस्तावकको कुल लगानी, वातावरणीय प्रभाव, जनसहभागिता, स्थानीय रोजगारीको सुनिश्चितता, मूल्य अभिवृद्धि क्षमता, प्रस्तावकको लगानीको प्रतिशत र सुनिश्चितता, कार्यक्रमको नवीनता तथा श्रृजनशिलता आदिको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ ।
- प्रस्ताव मुल्याङ्कन गर्दा आवश्यकता अनुसार विज्ञहरु र प्राविधिक समिति गठन गरी डिभिजनल वन अधिकृतले प्रस्तावना मुल्याङ्कन गराउन सक्नेछ ।
- प्रस्तावकले न्यूनतम २० प्रतिशत वा सो भन्दा बढी लगानी गर्नुपर्नेछ ।
- कार्य सञ्चालन गर्न प्रचलित नियमानुसार पेश्की तथा भुक्तानी गर्नुपर्नेछ ।
- कार्यक्रम सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक मुल्याङ्कन, जाँचपास र निर्मित भौतिक संरचनाको तस्वीरहरुको आधारमा भुक्तानी गर्ने ।
- अनुदान प्राप्त व्यक्ति, संस्था, निजी कम्पनी र सहकारी छनौट भई नगद अनुदान लगेकोमा सम्झौता बमोजिम कार्य तोकिएको समय भित्र सम्पन्न नभएमा त्यस्तो रकम सरकारी बाँकी सरह उठाइनेछ ।

**अपेक्षित प्रतिफल :** जडिबुटी बाट Product उत्पादन भएको हुनेछ ।

**४०. पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार/विकास, प्रवर्धन, उत्पादन, भण्डारण र प्रशोधन/जडीबुटी खेतीका लागि अनुदान**

**कार्यक्रमको उद्देश्य:** जडिबुटी खेति विस्तार गर्ने ।

**मुख्य कृयाकलाप:** पकेट क्षेत्र छनौट, प्रस्ताव आह्वान, जडीबुटी विरुवा उत्पादन/खरिद, वृक्षारोपण, स्याहार संभार, संरक्षण।

**कार्यान्वयन प्रकृया :**

- उपभोक्ता समितिसँग सम्झौता गरी जडीबुटी खेति विस्तार, विकास र प्रवर्धनसम्बन्धी विधि कार्यहरु संचालन गर्नका लागि नियमानुसार सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्ने ।
- इच्छुक उद्यमी, सामुदायिक तथा कवुलियती वन समूह वा किसानले प्रकाशित सूचना बमोजिम डिभिजन वन कार्यालयमा प्रस्ताव पेश गर्ने ।
- व्यवसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्किएका युवा र अनुभव लगायतका विषयलाई ध्यान दिई यस्ता मापदण्डका आधारमा उत्कृष्ट प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालयले खेती विस्तार तथा अनुदानका लागि सम्झौता गर्ने।



सचिव

प्रदेश सरकार
वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- यस कार्यक्रममा क्षमता अभिवृद्धि लगायत, जडीबुटी बिरुवा खरिद तथा उत्पादन, रोपण कार्य, उद्यम स्थापना तथा बजारीकरण लगायतका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- जडीबुटी रोपण गरिएको क्षेत्रमा तल उल्लेखित विवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नु पर्नेछ ।

**अपेक्षित प्रतिफल :** जडिबुटीको उत्पादनमा वृद्दी भएको हुनेछ ।

**४१. संकटापन्न तथा लोपोन्मुख वन्यजन्तु संरक्षण कार्यक्रम**

**कार्यक्रमको उद्देश्य:** संकटापन्न तथा लोपोन्मुख वन्यजन्तुहरुको संरक्षण गर्ने ।

**मुख्य कृयाकलाप:** पकेट क्षेत्र नक्शांकन, लोपन्मुख प्रजातिहरु छनौट, सरोकारवालाहरुसँग छलफल, बासस्थान संरक्षण, बासस्थान सुधार, आहारको व्यवस्था, चोरी निकासी रोकथाम, जनचेतनामूलक तालिम/गोष्ठी, होडिङ्ग बोर्ड, पर्चा, पुरस्कार ।

**कार्यान्वयन प्रकृया :**

- संकटापन्न तथा लापोन्मुख प्रजाति पहिचान गरी प्रमुख लोपन्मुख प्रजातिहरु छनौट गरी सो पकेट क्षेत्र नक्शांकन गर्ने
- नक्शाकंनका आधारमा पहिचान गरीएका संकटापन्न तथा लोपोन्मुख जातका वन्यजन्तु संरक्षणको लागि समुदायस्तरमा संरक्षण समूह मार्फत बासस्थान संरक्षण तथा चोरीनिकासी रोकथाम सम्बन्धि विभिन्न कृयाकलापहरु संचालन गर्ने
- चेतनमुलक तालिम/गोष्ठी, प्रचार प्रसार, केज निर्माण, बासस्थान सुधार, पुरस्कार आदि आवश्यकता अनुसार विभिन्न कार्यक्रमहरु संचालन गर्न सकिन्छ ।

**अपेक्षित प्रतिफल :** संकटापन्न तथा लोपोन्मुख वन्यजन्तुहरुको संरक्षण भएको हुनेछ ।

**४२. मानव वन्यजन्तु द्वन्द व्यवस्थापन तथा वन्यजन्तु उद्दार/समस्याग्रस्त तथा हानिकारक वन्यजन्तुको व्यवस्थापन**

**कार्यक्रमको उद्देश्य:** मानव वन्यजन्तु द्वन्दमा कमि ल्याउने ।

**मुख्य कृयाकलाप:** सर्भेक्षण, जनचेतना, समस्याग्रस्त तथा हानिकारक वन्यजन्तुको उद्दार तथा व्यवस्थापन ।

**कार्यान्वयन प्रकृया :**

- वन्यजन्तुहरुको उद्दार, पुर्नस्थापना, आहारको व्यवस्था, मानव वन्यजन्तु द्वन्द स्टाटस सर्भेक्षण, प्रचारप्रसार कार्यक्रमहरु (जनचेतनामूलक कार्यक्रम, रेडियो तथा पत्रपत्रिकामा संरक्षणमूलक सन्देश प्रसारण, बुकलेट, पुस्तिका प्रकाशन तथा वितरण)
- वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी संघ संस्था तथा द्रुत टोली परिचालन (RRT) बैठक तथा गोष्ठी संचालन, शिकार प्रतिरोध अपरेशन संचालन गर्न आवश्यक Darting Equipment खरिद, मर्मत तथा क्षमता अभिवृद्दी।
- मानव-वन्यजन्तु द्वन्द व्यवस्थापनको क्रममा परिचालन हुने टोलीलाई फिल्डस्तरमा कार्य गर्नका लागि लाग्ने भत्ता, फिल्ड गियर, खाजा भत्ता, इन्धन आदिमा यस शिर्षकमा विनियोजित बजेटबाट खर्च गर्न सकिन्छ ।

**अपेक्षित प्रतिफल :** मानव वन्यजन्तु द्वन्द संख्यामा कमि आएको हुनेछ ।



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

### ४३. सामुदायिक वनमा Fruit-Forestry Model स्थापना

**कार्यक्रमको उद्देश्य:** **वनजन्य विरुवा रोपण तथा व्यवशथापन गरि वन्यजन्तुको आहारा व्यवशथापन गर्ने ।**

**मुख्य कृयाकलाप:** स्थानिय सँग समन्वयन, विरुवा उत्पादन तथा खरिद, वृक्षारोपण, संवर्द्धन ।

**कार्यान्वयन प्रकृया :**

- सा.व.मा खाली स्थान भएका समूहसँग छलफल गरी स्थान छनौट ।
- झाडी सफाई गरी जग्गा तयारी
- लप्सी, ओखर, चिउरी, हाडे काफल लगायतका वनजन्य लगायतका फलफूल विरुवा कार्यालय नर्सरीमा उत्पादन वा वनजन्य फलफूल विरुवा जिल्ला दररेट अनुसार खरिद र वृक्षारोपण स्थलसम्म ढुवानी
- वृक्षारोपण, गोडमेल र संरक्षण सम्बन्धी उपभोक्ता समूहसँग संझौता ।
- Fruit-Forestry Model लागु गर्ने सा.व. मा घाँसे चउर वा झाडी स्थान भएको समूह मात्र छनौट गर्ने र विरुवा उपलब्ध भएपछि वृक्षारोपण र संरक्षण गर्न संझौता गर्ने ।
- वृक्षारोपण र संरक्षणमा प्रति हेक्टर अनुदान नर्मस अनुसार ८०% कार्यालयको तर्फबाट अनुदान र २०% समूहको लगानी हुने गरी संझौता गर्ने ।
- दोस्रो वर्षमा Enrichment Plantation गर्ने व्यवस्था गर्ने ।
- वृक्षारोपण गरिने फलफूल विरुवा कम्तीमा ५०% वनजन्य हुनुपर्ने र त्यस्ता विरुवा कार्यालय नर्सरीमा उत्पादन गर्ने सो हुन नसकेमा त्यस्ता विरुवा उपलब्ध हुन सक्ने स्थानबाट खरिद गर्ने ।

**अपेक्षित प्रतिफल :** **वनजन्य विरुवा रोपण तथा व्यवशथापन गरि वन्यजन्तुको आहारा व्यवशथापन भएको हुनेछ।**

### ४४. Seed Stand स्थापना, मर्मत, सुधार तथा स्तरोन्नती

**कार्यक्रमको उद्देश्य:** गुणस्तरिय वन विउ उत्पादन गर्ने ।

**मुख्य कृयाकलाप:** स्थल छनौट, तारवार सहितको संरक्षण, संवर्धन, जानकारी अभिलेखिकरण ।

**कार्यान्वयन प्रकृया :**

- नयाँ Seed Stand स्थापना गर्ने भएमा प्रजाति छनौट अनुसार सर्वे, नम्बरिङ र Layout सहितको सूचना बोर्ड
- पुरानो तथा नयाँ दुवै प्रकारका Seed Stand मा झाडी सफाई, संरक्षण बार वा पर्खाल मर्मत गर्ने कार्य
- सा.व.वा निजी रुखहरुमा Seed Stand भएमा समूहको निर्णय र निजी रुख भए जग्गा धनीको सहमति गरी संरक्षणको व्यवस्था
- सामुदायिक वन, साझेदारी वनमा स्थापना वा मर्मत गर्न GPS नक्शाबाट सर्वे गरी नक्शा तयार गर्ने कार्य
- बिउ उत्पादन हुने रुखहरुबाट बिउ संकलन सम्बन्धी अभिमुखीकरण
- बिउ संकलन गर्ने औजार, थिनिङ्ग र प्रुनिङ्ग सामाग्री खरिद
- वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्रसँगको समन्वयमा व्यवस्थापन सम्बन्धी सहकार्य
- छनौट भएका वा पहिला देखिनै भएका Seed Stand मा समूह वा निजी जग्गा धनीसँग बैठक बसी संरक्षण व्यवस्थापन सम्बन्धी संझौता गर्ने



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- आवश्यक परे वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्रका प्राविधिक सँगै Seed दिने रुखहरु पहिचान र मार्किङ्ग गर्ने
- झाडी सफाई, थिनिङ्ग र प्रुनिङ्ग जस्ता कार्यहरु गर्न वन कार्यालय वा समूहले अमानतमा गर्न संझौता गर्ने
- वन बिउ रुख संकलन र व्यवस्थापन सम्बन्धी अभिमुखीकरण गर्ने
- बिउ संकलन क्षेत्रमा तारबार वा पर्खाल निर्माण मर्मत (नर्मस अनुसार)
- बिउ संकलन गर्ने औजार प्रयोग गरी वा समूहलाई दिई संकलन गर्न लगाई उक्त बिउ वन कार्यालय वा बिउ केन्द्रले खरिद गर्ने, नर्सरीमा वितरण गर्ने
- बिउ दिने रुख संख्या, नक्शा सहितको होर्डिङ्ग बोर्ड राख्ने ।

**अपेक्षित प्रतिफल :** गुणस्तरिय वन विउ उत्पादन भएको हुनेछ ।

**४५. सामुदायिक वन तथा कवुलियती वनको अनुगमन, मुल्याङ्कन र पुस्तिका प्रकाशन**

**कार्यक्रमको उद्देश्य:** तथ्याङ्क अभिलेखिकरण तथा सुधारका लागि पृष्ठपोषण गर्ने ।

**मुख्य कृयाकलाप:** अनुगमन सूचकाङ्क तयार, छपाई,विवरण संकलन, प्रकाशन ।

**कार्यान्वयन प्रकृया :**

- अनुगमन फर्मेट तयार गरी फोटोकपी वा छपाई गर्ने ।
- तोकिएको फर्मेट समूहमा गई भरी आउने कर्मचारीलाई यातायात भाडा खाना खाजा खर्च ।
- अनुगमन फर्मेटको सूचना विश्लेषण र अनुगमन मुल्याङ्कन पुस्तिका छपाई र वितरण ।
- अनुगमन फर्मेटको बारेमा स्टाफ बैठकमा अभिमुखीकरण गर्ने ।
- सम्बन्धित समूह कार्यालयमा गई उपभोक्ता, समूहका पदाधिकारी सँग फर्मेटमा भएका सूचना भर्ने (कोष परिचालन, वन पैदावार वितरण सम्बन्धी तथ्याङ्क अनिवार्य)
- अनुगमन फर्मेट ३ प्रति तयार गरी समूहमा १ प्रति, सव डिभिजन वन कार्यालयमा १ प्रति र बाँकी १ प्रति डिभिजन वन कार्यालयमा बुझाउने ।
- अनुगमन फर्मेटमा समूहका अध्यक्ष र कर्मचारीको सही गर्ने गराउने ।
- फर्मेट सव डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयमा विश्लेषण गर्ने ।
- समूह र सरोकारवाला संख्यालाई पुग्ने गरी संख्या निर्धारण गरी छपाई र वितरण ।

**अपेक्षित प्रतिफल :** तथ्याङ्क अभिलेखिकरण तथा विवरण सहितको पुस्तिका तयार भएको हुनेछ ।

**४६. पर्यापर्यटन पार्क, हरित पार्क, उद्यान, धार्मिक वाटिका निर्माण**

**कार्यक्रमको उद्देश्य:** वातावरणीय सौन्दर्यकरणमा वृद्दि गरि पर्यापर्यटनमा टेवा पूर्याउने ।

**मुख्य कृयाकलाप:** स्थानिय आवश्यक्ता बमोजिमको स्थल तथा ढाँचा पहिचान तथा सहमति, पर्यापर्यटन गतिविधिका पूर्वाधार निर्माण, सौन्दर्यमूलक तथा जडिबुटी महत्वका विरुवा रोपण ।

**कार्यान्वयन प्रकृया :**

- ठूला पार्क तथा उद्यान निर्माण गर्दा कुल वार्षिक बजेटको १० % नबढ्ने गरी विस्तृत कार्ययोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्न सकिने ।



सचिव

प्रदेश सरकार वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय गण्डकी प्रदेश, पोखरा

- सबै पर्यापर्यटन पार्क, हरित पार्क, उद्यान, धार्मिक वाटिका निर्माण गर्दा प्राविधिकबाट डिजाइन र ल.ई. तयार गरी स्वीकृत भएपछि अनुदानमा वा ठेक्का पट्टा बाट गर्नुपर्ने ।
- डिजाइन अनुसारको भौतिक संरचना निर्माण (पार्क उद्यान भित्र पदमार्ग, विश्राम स्थल, खानेपानी, अवलोकन स्थल, पहुँच मार्ग आदिको लागि रकम खर्च गर्न सकिनेछ)
- सौन्दर्यीकरण कार्य (फूल बगैंचा, हरित सौन्दर्य रुख, विरुवाको नामाकरण, विरुवा रोपण, गोडमेल)
- होर्डिङ्ग बोर्ड, पद चिन्ह तयार गर्ने
- पार्क वा उद्यान भित्र मनोरञ्जनात्मक कृयाकलाप (जस्तै, Rock Climbing, Zip line, आदि)
- तोकिएको स्थानमा नै कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तह र सरोकारवाला बीच समन्वय बैठक बसी सह–लगानीमा कार्य संचालन गर्न योजना तयार गर्ने
- सार्वजनिक खरिद ऐन र नियमावली अनुसार उपभोक्ता वा निर्माण व्यवसायी मार्फत गर्न व्यवस्था गर्ने

**अपेक्षित प्रतिफल :** पर्यापर्यटनका गतिविधिमा वृद्दी भएको हुनेछ ।

**४७. पञ्चासे वन संरक्षण क्षेत्रमा धार्मिक, सास्कृतिक कार्यक्रम प्रवर्धन**

**कार्यक्रमको उद्देश्य:** धार्मिक , सास्कृतिक कार्यक्रममा सहयोग गरि धार्मिक , सास्कृतिक पर्यापर्यटन विकास गर्ने।

**मुख्य कृयाकलाप:** सरसफाइ, प्रचार प्रसार र सम्पदाहरुको संरक्षण ।

**कार्यान्वयन प्रकृया :**

- वालचतुर्दशी र स्थानिय चाडपर्वहरुमा सरसफाइ, प्रचार प्रसार र सम्पदाहरुको संरक्षण गर्ने कार्य
- परिषदका पदाधिकारीहरुको समन्वयमा वैठक वसी धार्मिक,सांस्कृतिक कार्यहरुको प्रवर्धन योजना वनाइ कार्यान्वयन गर्ने
- धार्मिक तथा सांस्कृतिक कार्यहरुमा कर्मचारी एवं स्वयम सेवक परिचालन गर्ने

**अपेक्षित प्रतिफल :** वन संरक्षण तथा पर्यापर्यटनको विकास भएको हुनेछ।

**४८.पञ्चासे वन संरक्षाण क्षेत्रको डिजिटल सिमांकन र डिजिटाइजेशन**

**कार्यक्रमको उद्देश्य:** पञ्चासे क्षेत्रको जानकारी डिजिटल प्रविधिमा प्रविष्ट गरि पर्यटन सूचना प्रणाली विकास गर्ने ।

**मुख्य कृयाकलाप:** सरोकार वाला सँग छलफल, योजना तयारी, सूचना प्रणालीका लागि आवश्यक खरिद कार्य ।

**कार्यान्वयन प्रकृया :** सेवा प्रदायक ( परामर्श दाता ) मार्फत संम्पादन गरिने छ ।

**अपेक्षित प्रतिफल :** डिजिटल पर्यटन सूचना प्रणाली विकास भएको हुनेछ ।

**४९. प्राणी उद्यान विकास तथा वन्यजन्तु उद्दार केन्द्र संचालन**

**कार्यक्रमको उद्देश्य:** वन्यजन्तु उद्दार तथा पर्यापर्यटनका लागी प्राणी उद्यान, उद्दार केन्द्र निर्माण गर्ने ।

**मुख्य कृयाकलाप:** व्यवस्थापन समिति र प्राविधिक परामर्श समिति गठन, DPR मा उल्लेख भएका निर्माण गरिने पूर्वाधार/संरचनाहरुको विस्तृत अध्ययन, डिजाइन तथा ईष्टिमेट, पूर्वाधार/संरचना निर्माण, सस्थागत

सचिव

संरचना निर्माण तथा सुदृढिकरण, विभिन्न सामाजिक सहजीकरणका कार्यहरु, वन्यजन्तु उद्दार, उपचार एवं स्याहार सुसार

**कार्यान्वयन प्रकृया :**

- प्रचिलित ऐन बमोजिम कानूनी मान्यता प्रासीका लागी वातावरणीय अध्ययन, योजना निर्माण लगायतका प्रकृया पूरा गर्ने।
- डिभिजन वन कार्यालयले स्थानिय तह, सम्बन्धित वडा पदाधिकारी सहभागी समूहहरु र सरोकारवालाहरुको समन्वयमा व्यवस्थापन समिति गठन र संस्थागत सुदृढिकरण गर्नेछ । संरक्षणको लागि कर्मचारी र समूहको सहकार्यको व्यवस्था मिलाउने, निर्माण गर्ने संरचनाहरुको डिजाइन गरी सार्वजनिक खरिद ऐन अनुसार निर्माण गर्ने व्यवस्था निम्न विधि अनुसार गर्नेछ ।
- प्राणी उद्यान स्थापना र व्यवस्थापनको लागि वनमा कार्य वातावरण श्रृजना गरी कृयाकलापहरु अगाडी बढाईनेछ । प्राणी उद्यानमा रहेका वन्यजन्तुहरुको संरक्षण र उपचार समेत गर्नको लागि व्यवस्थापन समितिसँग सामाजिक सहजीकरण लगायतका विभिन्न कामहरु गर्ने प्रस्ताव माग गरिनेछ।
- प्रचलित ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम गरी डिभिजन वन कार्यालयले DPR मा भएका भौतिक संरचना निर्माण गर्नेछ ।
- कार्य सम्पन्न भएपछि बिल भरपाई र गरिएका मुख्य कार्यहरुको प्रतिवेदन तथा सार्वजनिक खरिद ऐनबाट निर्माण भएका संरचनाको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी दिइनेछ ।

**अपेक्षित प्रतिफल :** वन्यजन्तु उद्दार एवं पर्यापर्यटनका लागी प्राणी उद्यान निर्माण तथा सञ्चालन भएको हुनेछ ।

**५०. वर पिपल समि चौतारा निर्माण मर्मत तथा सौन्दर्यिकरण**

**कार्यक्रमको उद्देश्य :** धार्मिक सास्कृतिक रुपमा महत्वपूर्ण रहेका चौतारीहरु निर्माण मर्मत तथा सौन्दर्यिकरण गर्ने ।

**मुख्य कृयाकलाप:** चौतारा निर्माण मर्मत तथा सौन्दर्यिकरण

**कार्यान्वयन प्रकृया :**

- चौताराहरुको अभिलेखिकरण गर्ने ।
- नयाँ निर्माण तथा मर्मत आवश्यक रहेका चौतारीहरुको विवरण तयार गर्ने ।
- स्थानियं तह सँग समन्वन गर्न सकिनेछ ।
- सम्बन्धीत चौतारो संरक्षण ऐनले निर्देशित गरेका प्रकृया अवलम्बन गर्नुपर्दछ ।
- आवश्यक विरुवा खरिद, ढुवानी , सँकेत चिन्ह निर्माण तथा खानेपानी व्यवश्थापनका कार्यहरु गर्न सकिनेछ ।

**अपेक्षित प्रतिफल :** वर पिपल समि चौतारा संरक्षण एवं सौन्दर्यिकरण भएको हुनेछ ।

सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

**५१. जडीबुटी/गैहकाष्ठ विरुवा उत्पादन र खेती विकास तालिम**

**कार्यक्रमको उद्देश्यः** जिल्लाको पकेट क्षेत्रमा जडीबुटी रोपण तथा खेती विस्तार गर्न सहयोग पुरयाउने ।
**मुख्य कृयाकलापः** सहभागी छनौट, प्रशिक्षकको ब्यवस्था, तालिम ब्यवस्थापन ।
**कार्यान्वयन प्रकृयाः**

- लागत अनुमान तयार तथा स्वीकृत ।
- सहभागी छनौट गर्दा पकेट क्षेत्रमा जडीबुटी उत्पादनमा काम गरिरहेका मध्ये र ईच्छुक जडीबुटी खेती तथा ब्यवसायमा संलग्न किसानहरु (उत्पादक), संकलनकर्ताहरु, ब्यवसायीहरुका साथै सामुदायिक वन, कवुलियती वन समूहहरुलाई प्राथमिकता दिने ।
- जिल्लामा पकेट क्षेत्रमा खेती विस्तारका लागि छनौट गरिएका लौठ सल्ला, टिमुर सिल्टिमुर, सतुवा लगायतका ब्यवसायिक महत्वका जडीबुटी प्रजातिहरुलाई प्राथमिकता दिई तालिम संचालन गर्ने ।
- विनियोजित बजेटबाट तालिम सामग्री खरिद, तालिममा सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, फिल्ड गियर, तालिमका लागि आवश्यक भौतिक सामग्री खरिद तथा हस्तान्तरण, तालिम ब्यवस्थापन,समूह भत्ता, संयोजक भत्ता, स्थलगत फिल्ड अभ्यास तथा अवलोकनका लागि सवारी साधन भाडा, ईन्धन, ब्यानर तथा प्रमाणपत्र छपाई, हेन्डसआउट तयारी, तालिम उद्घाटन तथा समापन आदि कार्यमा खर्च गर्न सकिनेछ ।
- तालिम संचालन पश्चात तालिम संयोजकले तालिम प्रतिवेदन पेश गर्ने ।

**अपेक्षित प्रतिफलः** सहभागीले ज्ञान र सिप हाँसिल गरी जडीबुटी खेती विस्तार हुने क्षेत्रफलमा विस्तार हुनेछ।

**५२. संचार माध्यमबाट वन, वातावरण तथा वन्यजन्तु सूचना प्रसारण**

**कार्यक्रमको उद्देश्यः** वन, वातावरण तथा वन्यजन्तु संरक्षणमा सूचना प्रवाह गरी सचेतना जगाउने ।
**मुख्य कृयाकलापः** सन्देश तयारी, सम्झौता, भुक्तानी ।
**कार्यान्वयन प्रकृयाः**

- जिल्ला तथा बाहिर रहेका एफ.एम. रेडियोहरु र वन कार्यालय विच वन कार्यालयले उपलब्ध गराएको सूचना प्रशारणको लागि सम्झौता गर्ने ।
- वन, वातावरण, वन्यजन्तु संरक्षण सम्वन्धी सूचनाहरु तयार गरी एफ.एम लाई उपलब्ध गराउने ।
- प्राप्त सूचनालाई संचार माध्यमहरुले रेकर्ड गरी सूचना वा संवादको रुपमा तयार गरी प्रसारण गर्ने ।
- प्रसारण गरेको डिजिटल तथा बिल, भरपाई प्राप्त भएपछि वन कार्यालयले भुक्तानी दिने ।

**अपेक्षित प्रतिफलः** समुदायमा वन, वातावरण तथा वन्यजन्तु संरक्षण सम्वन्धि सूचना प्रवाह गरि सचेतना फैलाउने ।

सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

## भू-तथा जलाधार व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरु

### १. सिंचाई कुलो संरक्षण

- सिंचाइ कुलो निर्माण तथा सुधार, माथिल्लो र तल्लो भाग (Up-slope and Down-slope ) को संरक्षण, कुलोको मुहानमा बाँध निर्माण, इन्टेक (Intake), वितरण प्रणाली र सेडिमेन्ट ट्रयाप (Sediment Trap) को निर्माण तथा सुधार र कठिन भू-बनोट भै माटोको कुलो निर्माण संभव नभएको स्थानमा विभिन्न किसिमका पाइपहरुको प्रयोग र अन्य आवश्यक कुलो संरक्षणका कार्यहरु ।
- स्थानीय तहसँगको समन्वयमा योजना सन्चालन गर्नुपर्नेछ ।

### २. खोला/ नदीर/ खहरे किनार संरक्षण कार्यक्रम/तटबन्ध निर्माण कार्य

- Revetments निर्माण, Spurs निर्माण, Flow Retarding संरचना निर्माण, वहावलाई व्यवस्थापन गर्न Channelization गर्ने कार्य, Bio-engineering प्रविधिबाट डुबान क्षेत्र स्थिरिकरण (Flood Plain Stabilization) गर्ने कार्य,बाँधमा घाँस /बाँस लगायतका विरुवा लगाउने र संरक्षण गरिने क्षेत्रमा तारवार (Fencing) गर्ने कार्य
- स्थानीय तहसँगको समन्वयमा योजना सन्चालन गर्नुपर्नेछ ।

### ३. क्षतिग्रस्त भूमिको पुनर्स्थापना तथा उत्पादकत्व वृद्धि कार्यक्रम/किसानसँग भू-संरक्षण तथा खेतबारी संरक्षण कार्यक्रम

समेटिने सम्भावित क्रियाकलापहरु : कन्टुर टेरेसिङ (Contour Terracing), कन्टुर ट्रेन्चिङ (Contour Trenching) र कन्टुर वन्डिङ (Contour Bunding), वाटर होल( Water hole) वा स-साना पानीका खाल्डा, साना गल्छी रोकथाम (Micro-gully Plugging), कन्टुर वाटलिङ (Contour Wattling), चेक ड्याम (Checkdam), रिटेनिंग वाल (Retaining Wall) निर्माण, विरुवा रोपण, फलफूल रोपण, घाँस रोपण आदि ।

### ४. आकासेपानी संकलन तथा भलपानी व्यवस्थापन गरी जलसिंचन अभिवृद्धि तथा पुनर्भरण कार्यक्रम/पोखरी, सिमसार र ताल संरक्षण कार्यक्रम/पानी श्रोत व्यवस्थापन तथा बहुउपयोग (ताल, रनअफ हार्भेष्टिङ ड्याम निर्माण)

समेटिने सम्भावित क्रियाकलापहरु :

- पानी संकलन गर्न निर्माण गरिने जलाधार संरक्षण पोखरी (Conservation Pond/ Catchment Pond ), रन अफ हार्भेष्टिङ ड्याम (Run-off Harvesting Dam), ताल, सिमसार संरक्षण (Wetland Conservation ), भूमिगत जलसेचन संरचना
- संरक्षण वृक्षारोपण (Conservation Plantation ), कन्टुर टेरेसिङ (Contour Terracing ),कन्टुर ट्रेन्चिङ (Contour Trenching ) र कन्टुर वन्डिङ (Contour Bunding ) जस्ता आवश्यक संरक्षणका विधिहरु अपनाई घाँस, बाँस लगायतका बिरुवाहरु रोपण गर्ने कार्यहरु
- साना गल्छी रोकथाम (Micro-gully Plugging), कन्टुर वाटलिङ (Contour Wattling), चेक ड्याम (Checkdam), रिटेनिंग वाल (Retaining Wall ) जस्ता आवश्यक भू-संरक्षणका संरचना निर्माण
- भल तर्काउने कुलो निर्माण (Diversion Channels ) गर्ने



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश

- सिमसारको सरसफाई गर्ने कार्य
- पानी तर्काउने नाला निर्माण (Waterways- Inlet/Outlet ) गर्ने
- Bio-Engineering प्रविधिको प्रयोग
- चट्टान, ग्राभेल, बालुवा, सिल्ट तथा क्ले मिसिएका माटोको ड्याम (Earthen Dams) बनाउने कार्य, सिमेन्ट मेशनरी ड्याम (Masonry Dams), आर.सि.सि. ड्याम निर्माण
- आवश्यकतानुसार पुराना पोखरीको संरक्षण र मर्मत सुधार ।

**५. उप जलाधार क्षेत्रहरुको पहिचान, प्राथमिकिकरण, प्रकोप नक्सांकन, संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन**

समेटिने सम्भावित क्रियाकलापहरु :

- उप–जलाधार प्राथमिकीकरण, संकटासन्नता नक्साङ्कन र व्यवस्थापन योजना तर्जुमा तर्जुमासँग सम्बन्धित विविध क्रियाकलापहरु समावेश हुन सक्दछ जस्तैः
- जिल्लाभित्र रहेका उपजलाधारहरुको पहिचान
- उपजलाधारहरुको जैविक-भौतिक पक्ष (Bio-physical Parameter) र सामाजिक–आर्थिकपक्ष (Socio-economic Parameter), का आधारमा समेत प्राथमिकिकरण (Prioritization) गर्ने कार्य
- संकटासन्नता नक्साङ्कन गर्ने कार्य
- प्राथमिकताका आधारमा त्यसमा संचालन गर्नुपर्ने कार्यहरु समेत समावेश गरी उप–जलाधार योजना तर्जुमा गर्न सकिनेछ (Sub-watershed Management Plan Preparation)

**६. नदी प्रणालीमा आधारित भू तथा जलाधार व्यवस्थापन कार्यालयको कार्यक्षेत्रको जि.आइ.एस. नक्सांकन गरी एट्लास बनाउने कार्य**

समेटिने सम्भावित क्रियाकलापहरु : यस कार्यमा तलका क्रियाकलापहरुलाई समावेश गर्नुपर्नेछ :

- यस प्रदेश अन्तर्गतका प्रमुख तथा सहायक नदी र खोलाका सबै स्तरका जलाधारहरु (वृहत जलाधार, जलाधार, उप–जलाधार र सुक्ष्म जलाधार) को नक्साङ्कन (Delineate, Mapping) गर्नु पर्दछ ।
- भू तथा जलाधार व्यवस्थापन कार्यालयको कार्यक्षेत्र अन्तर्गत रहेका नदी प्रणालीहरुको सबैस्तर (Order) का नदी/खोला/नाला (Sream) हरुको नक्साङ्कन गर्नु सकिनेछ ।
- सम्भव भएसम्म यस प्रदेश अन्तर्गत रहेका प्रमुख नदी प्रणालीहरु म्याग्दी, कालीगण्डकी, मोदी, सेती, मादी, मर्स्याङदी, दरौंदी, बुढीगण्डकी, नारायणी, त्रिशुली लगायतका महत्वपूर्ण जलाधार क्षेत्र प्रष्ट देखिने गरी नक्साङ्कन गर्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम परामर्श सेवा अन्तर्गत सेवा प्रदायक संस्था छनौट गरी सोही अनुसार एट्लास बनाई प्रकाशन समेत गर्नुपर्नेछ ।
- यस कार्यमा वन निर्देशनालयको जलाधार व्यवस्थापन तथा समन्वय शाखा र अन्य सरोकारवालाहरुलाई समेत संलग्न गराई राय सुझाव लिनुपर्नेछ ।



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश

### ७. गल्छी तथा पहिरो उपचार

समेटिने सम्भावित क्रियाकलापहरु :

- पानी व्यवस्थापनसँगै आसपासमा भल तर्काउने कुलो तथा नाला निर्माण (Diversion Channels) गर्ने
- Retaining Wall र Checkdam निर्माण/मर्मत गर्ने
- गल्छी पहिरो गएको स्थानलाई घांस र विरुवा रोपण गर्ने, वाटलींग (Wattling), कन्टुर (Contour) बाट भिरालोपना कम गर्दै लैजाने
- Drainage Area लाई सुधार गर्दै जमिनको आवश्यक अनुसार प्रयोग गर्ने
- गल्छीको शिरमा Diversion Ditches बनाउने
- गल्छीको शिरमा माटोले पुर्ने (Gully Head Plugging)
- गल्छीको वाहिरी धार निर्माण गर्ने (Gully Rim Edging)
- Bio-engineering प्रविधिबाट गल्छी पहिरो उपचार गर्ने
- स्थानीयस्तरमा पाइने बोटबिरुवा जस्तै : बाँस, निगालो, अम्रिसो, नेपियर, हाँगा सर्ने प्रजातिहरुका अलावा स्थानीय हावापानी सुहाउँदो फलफूलका विरुवाहरु रोपण गरी गल्छी तथा पहिरोलाई उपचार गर्ने
- आवश्यकतानुसार संरक्षण गरिने क्षेत्रमा तारवार गर्ने
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दायोजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

### ८. बाँस, निगालो तथा राइजोम खरिद/वितरण

समेटिने सम्भावित क्रियाकलापहरु : यस कार्यक्रम अन्तर्गत विभिन्न गल्छी, पहिरो उपचार, सडक पाखो संरक्षण र क्षतिग्रस्त भुमि पुनर्उत्थान गर्नका लागि उपभोक्तालाई बाँस निगालोको विरुवा तथा राइजोम उत्पादन, खरिद तथा वितरण गरिनेछ साथै यस अन्तर्गत कम्तिमा तीन गोटा स्लिप भएको अम्रिसोको राइजोम समेतलाई समावेश गरेर संरक्षण कार्यलाई थप प्रभावकारी बनाउन सकिनेछ।

कार्यान्वयन प्रक्रिया : भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गरी निम्नानुसारको कार्यान्वयन प्रक्रिया पूरा गरी कार्य संचालन गरिनेछ ।

- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै : सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका



सचिव

समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संचालन गर्नुपर्दछ ।

- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

**९. शहरी खानेपानीको जलाधार क्षेत्र संरक्षण कार्यक्रम/पानी मुहान संरक्षण कार्यक्रम**

समेटिने सम्भावित क्रियाकलापहरु :

शहरी जलाधार तथा खानेपानी व्यवस्थापन योजना तयारी

भू तथा जलाधार व्यावस्थापन कार्यालयहरुले प्रदेश मन्त्रालय, वन निर्देशनालय र विषयविज्ञहरुको समेत राय सुझाव र सम्बन्धित् जिल्ला समन्वय समिति तथा स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य गरी कम्तीमा आगामी ५ वर्षको लागि शहरी खानेपानीको जलाधार व्यवस्थापन योजना तयारी गर्ने ।

- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग अन्तरक्रिया

  खानेपानी/पानी मुहानको जलाधार संरक्षण नयाँ विषय भएकोले सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयले स्थानीय जनप्रतिनिधि तथा सरोकावालाहरुसँग कार्यक्रमको शुरुवातमा तथा कार्यान्वयनको चरणमा छलफल र अन्तरक्रिया गर्ने । नविनतम कार्यक्रमको उद्देश्य, कार्यान्वयनको विधि र भावी योजनाबारे स्थान बिशेष केन्द्रित रहेर अन्तरक्रिया गर्नुपर्नेछ ।
- संरक्षण समूह पहिचान र सशक्तिकरण

  शहरी क्षेत्र र सोको जलाधार क्षेत्रमा बसोबास गर्ने जनसमुदायहरुबाट शहरी खानेपानीको जलाधार क्षेत्रको कार्यक्रमलाई टेवा पुग्ने तथा स्थानियको अपनत्व हांसिल गर्ने रणनीति अनुसार संरक्षण समूह पहिचान गर्नुपर्नेछ र सोको लागि आवश्यक अभिमुखीकरण तथा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- थिग्रीकरण रोकथाम संरचना निर्माण

  बाढी, पहिरो तथा भू-क्षय लगायत अनुचित भूउपयोगबाट माटो, बालुवा तथा गेग्रान लगायतका वस्तुहरुको कारणले जलाधारको अवस्थालाई विग्रन नदिन थिग्रीकरण रोकथामका स्थान अनुकुल हुने गरी संरचना निर्माण गर्नुपर्नेछ ।



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास
पानीको सञ्चय, जमिनको पानी सञ्चय गर्ने क्षमता, बहाव नियन्त्रण र पानी मुहानको श्रोत संरक्षण तथा पानी मुहान संरक्षणका साथसाथै पानीको व्यवस्थित निकास र समग्र जलाधारको विकासलाई टेवा पुग्ने गरी कम खर्चिलो, बायोईन्जिनियरिंग तथा अन्य हरित प्रविधीको विकास र विस्तार गर्ने ।
- पानी श्रोतको अवस्था सर्वेक्षण अध्ययन तथा पानीभरण क्षमता बिकास
सम्बन्धित पानीको श्रोतको उत्पति, त्यसको वहावको अवस्था र जलचक्र प्रणालीको बारेमा विस्तृत अध्ययन अनुसन्धानबाट मूलाधार क्षेत्र यकीन गरी पानीभरण क्षमता बढाउने कृयाकलापहरु सञ्चालन गर्ने ।
- अन्य सम्भावित कृयाकलापहरु
    - वातावरणीय अध्ययन तथा नियमित अनुगमन÷मूल्यांकन
    - पानी मुहान तथा श्रोत संरक्षण
    - वृक्षारोपण तथा पुन रोपण
    - संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन
    - पानीढल/बर्षाको भेलपानी तथा बहाव संकलन पोखरी
    - गेग्रान संकलन तथा गल्छी तथा पहिरो नियन्त्रणको लागि चेक ड्याम निर्माण
    - क्षतिग्रस्त भूमी पुनरुत्थान
    - शहरी जलाधार शिक्षा तथा तालिम कार्यक्रम
    - भू उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम
    - प्रगती प्रतिवेदन तयारी तथा नतिजा मूल्यांकन
    - प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नैपर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संन्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वियन, मर्मत सम्भार तथा लाभको वितरण सम्म बढि भन्दा बढि जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दायोजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विव्रण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्य



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

सम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नु पर्नेछ ।

### १०. सडकसँग भूसंरक्षण कार्यक्रम

- ग्रामिण सडकहरुको पहिचान
- सरोकारवालाहरुसँग अन्तरक्रिया
- ग्रामिण सडंकको दायाँ बाँया हरित प्रविधिको विकास तथा संरक्षणको लागि क्रियाकलाप छनौट
- गल्छी तथा पहिरो रोकथाम
- वृक्षारोपण
- घाँस, डालेघाँस रोपण
- भलपानीको व्यवस्थापन
- एकीकृत भू तथा जलाधार संरक्षणका अन्य कार्यहरु
- स्थानीयपालीकाहरुसँग साझेदारी तथा सहकार्य गरी कार्य संचालन गर्न सकिनेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नु पर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संन्चालन गर्नुपर्दछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढि भन्दा बढि जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीयतहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

### ११. भू संरक्षण प्रर्दशनी स्थल

- स्थानीय तहहरुको समन्वय र सिफारिश तथा आवश्यक परेमा जिल्ला समन्वय समितिको समेत सिफारिसका आधारमा निर्माण गरिने प्रदर्शन स्थलको छनौट गर्ने ।
- सम्भव भएसम्म सडकको पहुंच हुने स्थानमा निर्माण गर्नुपर्नेछ ।
- सरोकारवालाहरुसँग अन्तरक्रिया



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- भू तथा जलाधार व्यवस्थापनसंग सम्वन्धित कृयाकलापहरु आवश्यक सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू–संरक्षण विधिहरु (Erosion Control Measures) लाई प्रयोग गर्ने
- जैबिक र इन्जिनियरिङ्ग संरचना निर्माण
- संरक्षण वृक्षारोपण, घाँस तथा डालेघाँस रोपण
- कम खर्चिलो भू संरक्षणका प्रविधिहरु
- प्रदर्शनी कक्ष
- प्रर्दशनस्थल सुक्ष्म जलाधार क्षेत्र भत्र पर्ने कृषकको जमिन वा सामुदायिक जमिन वा दुवै पनि हुन सक्नेछ । सो क्षेत्रको रेखदेखको लागि आवश्यक भएमा लागत अनुमानमा समावेस गरी हेरालुको समेत व्यवस्था गर्न सकिन्छ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सञ्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम सञ्चालन गर्नैपर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरणसम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

## १२. आकस्मिक बाढी, पहिरो नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम

समेटिने सम्भावित क्रियाकलापहरु :

- वर्षाको समयमा आकस्मिक रुपमा पहिरो गएका स्थानहरुकाको पहिचान गरी जिल्ला बिपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति वा स्थानीय तहहरुसँग समन्वय र सिफारिशको आधारमा रोकथामको कार्य गर्ने ।



सचिव

- वर्षाको समयमा आकस्मिक रुपमा जान सक्ने पहिरो वा आउन सक्ने बाढीलाई मध्यनजर राखी उपलब्ध वजेटबाट केही तारजाली तथा अन्य उपकरण खरिद गरी राख्ने र आवशकता अनुसार जिल्ला बिपद् व्यबस्थापन समिति, जिल्ला समन्वय समिति र स्थानीय तहहरुसँग समन्वय र सिफारिशको आधारमा आकस्मिक विपद्जन्य घटना परेका स्थानका जनतालाई उपलब्ध गराउने ।
- तत्कालै नियन्त्रणको लागि जनशक्ति परिचालन, घटनास्थलमा आपत्कालीन अवस्थामा जानको लागि सवारी साधन भाडामा लिन, तत्काल पहिरो सफा गरी जनधनको क्षतिलाई कम गर्ने कार्य गर्न सकिनेछ ।
- योजनाको सञ्चालन भएको क्षेत्रमा भू-क्षय नियन्त्रण साथै संरक्षणको लागि वानस्पतीक तथा सिभिल (Engineering Structure) संरचनात्मक प्रविधिहरु प्रयोग गर्नु पर्नेछ र संभव भएसम्म एकीकृत प्याकेजको रुपमा प्रयोग गर्नुपर्ने छ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तैः सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नु पर्दछ । स्थायि प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सन्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढि भन्दा बढि जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा Activity Profile तयार गर्नु पर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

## १३. नदी उकास, जग्गा पुनर्स्थापना तथा संरक्षण

समेटिने सम्भावित क्रियाकलापहरु :

- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग अन्तक्रिया
- संरक्षण समूह पहिचान र सशक्तिकरण
- Revetment/Protection Wall Construction
- Spur/Groynes Construction
- थिग्रिकरण रोकथाम संरचना निर्माण / Construction of Flow Retarding Structures



सचिव

- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास /Flood Slope Stabilization through Bio-engineering/Vegetative Measures (Tree Grass Palnting) on the Bank
- Fencing of Area for Livestock Control
- भू-उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम ।
- वन उपभोक्ता समूह गठन, सामुदायिक वन कार्य योजना तयारी/संशोधन गरी नदी उकास क्षेत्रको संरक्षण तथा व्यवस्थापन कार्य समावेश गर्ने ।
- योजनाको सञ्चालन भएको क्षेत्रमा भू-क्षय नियन्त्रण साथै संरक्षणको लागि वानस्पतिक तथा सिभिल (Engineering Structure) संरचनात्मक प्रविधिहरु प्रयोग गर्नु पर्नेछ र सम्भव भएसम्म एकीकृत प्याकेजको रुपमा प्रयोग गर्नुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा(Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

## १४. संवेदनशिल जलाधार क्षेत्र संरक्षण कार्यक्रम

समेटिने सम्भावित क्रियाकलापहरु :

१) जलाधार क्षेत्र पहिचान, तथ्यांक संकलन तथा जलाधार संरक्षण कार्ययोजना तयारी

२) प्रकोप जोखिम न्यूनीकरण र प्राकृतिक प्रकोप व्यवस्थापन

- पहिरोको तथ्याङ्क संकलन र अभिलेखिकरण
- पहिरो तथा गल्छी उपचार
- खहरे नियन्त्रण
- हरित प्रविधिबाट खोला किनारा संरक्षण

३) दिगो भू व्यवस्थापन

- नदि कटान क्षेत्रमा बाँस रोपण
- डालेघाँस, भुईघाँस रोपण
- क्षतिग्रस्त भूमि पुनरुत्थान



सचिव

- SALT Plot स्थापना र व्यवस्थापन
- वन तथा चरण क्षेत्र व्यवस्थापन

४) पानी र थिग्रीकरण व्यवस्थापन
- वर्षाको पानी संकलन प्रणालीको विकास
- भलपानी संकलन पोखरी निर्माण
- भूमिगत जलसेचन संरचना निर्माण
- Green Waterways

५) विकासका पूर्वाधार संरक्षण
- सिंचाई कुलो संरक्षण
- हरित प्रविधिबाट सडकपाखो संरक्षण

६) जलवायु परिवर्तन अनुकूलन/समानुकुलन विकास
- पानी मुहान संरक्षण र विकास
- जलाधार पुनर्स्थापना
- संरक्षण पोखरी निर्माण
- नदी उकास जग्गा संरक्षण र खेती विस्तार
- सिमसार संरक्षण

७) समुदाय परिचालन, क्षमता विकास तथा जीविकोपार्जनमा सुधार
- संरक्षण आयमूलक कार्यक्रम
- समूह परिचालन सशक्तिकरण
- संरक्षण कृषकहरुको संजाल निर्माण
- कम खर्चिलो भूसंरक्षण प्रविधि तालिम र अभ्यास
- प्राकृतिक प्रकोप व्यवस्थापन तालिम
- संरक्षण प्रचार प्रसार सामग्री उत्पादन वितरण

८) वार्षिक प्रतिवेदन तयारी र पार्श्वचित्र प्रकाशन
- योजनाको सञ्चालन भएको क्षेत्रमा भूक्षय नियन्त्रण साथै संरक्षणको लागि वानस्पतिक तथा सिभिल (Engineering Structure) संरचनात्मक प्रविधिहरु प्रयोग गर्नुपर्नेछ र सम्भव भएसम्म एकीकृत प्याकेजको रुपमा प्रयोग गर्नुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य सञ्चालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार तथा लाभको वितरणसम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।

प्रदेश सरकार वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय गण्डकी प्रदेश, पोखरा



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

## १५. भु संरक्षण मैत्री पदमार्ग निर्माण

समेटिने संभावित कृयाकलापहरु : यस अन्तर्गत साधारणतया तलका कार्यहरु आवश्यकता अनुसार गर्नुपर्नेछ।

- स्थान किटान भएको हकमा तोकिएकै स्थानमा र तोकिएको नभएमा प्राथमिकताको आधारमा पदमार्ग निर्माण स्थलको छनौट गर्ने।
- पदमार्गको रेखाङ्कन तय गर्ने।
- पदमार्गमा बिछ्याउन प्रयोग हुने स्थानिय स्तरमा उपलब्ध हुने चाक्ला ढुङ्गा लगायतका सामाग्रीको उपलब्धताको एकिन गर्ने।
- पदमार्गमा ढुङ्गा बिछ्याउने कार्य।
- पदमार्गमा खुड्किला निर्माण गर्ने कार्य।
- पदमार्गमा Side Drain र Cross Drain निर्माण गर्ने कार्य।
- जोखिमयुक्त स्थानमा बार (Railing) निर्माण गर्ने कार्य।
- Side Drain र Cross Drain बाट बगाएको पानीलाई उपयुक्त स्थानमा संकलन पोखरीको रुपमा विकास गर्ने।
- पदमार्गको किनारामा हरियाली, शितलता र शोभाको लागि उपयुक्त प्रजातिको विरुवा रोपण।
- आराम गर्ने चौतारा (Resting Platform) निर्माण गर्ने कार्य।
- स्थानिय स्तरमा उपलब्ध हुने चाक्ला ढुङ्गा,माटो लगायतका निर्माण सामाग्रीको प्रयोगमा प्रोत्साहन गर्नुपर्दछ।
- संवेदनशिल स्थानहरु (Hot spot) मा मात्रै आवश्यकता अनुसार वाह्य निर्माण सामाग्रीहरु (सिमेन्ट, छड, फलामेरस्टिल डण्डी) को प्रयोग गर्नुपर्दछ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नु पर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संन्चालन गर्नुपर्दछ ।



सचिव

- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढि भन्दा बढि जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीयतहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

## वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र संग सम्वन्धित क्रियाकलापहरु

### १. अध्ययन, अनुसन्धान कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया:

- अध्ययन, अनुसंधान कार्यक्रमहरुको उद्देश्यका बारेमा सम्बन्धित विषय कार्यालयहरुसंगको परामर्श छलफल तथा गोष्ठी सञ्चालन गरी तय गर्नु पर्नेछ ।
- अध्ययन तथा अनुसन्धानका कार्यक्रमहरु वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र आफै वा परामर्श सेवाबाट गर्न सक्नेछ ।
- अध्ययन अनुसन्धानका कार्य प्रशिक्षण केन्द्र आफैले संचालन गर्नु पूर्व प्रस्ताव पेश गरी निर्देशकवाट स्वीकृत गराइनेछ ।
- प्रचलित नर्मस अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकवाट स्वीकृत गराई अध्ययन अनुसन्धान कार्य सुरु गरीनेछ ।
- यस अध्ययन अनुसन्धानका लागि विनियोजित रकम अनुसन्धानका लागि आवश्यक पर्ने सामग्री खरिद, फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुको लागि दैनिक भत्ता, यातायात, फिल्डगियर, अनुसन्धान कार्यका लागि आवश्यक भौतिक सामाग्री खरीद, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, आदि लगायतका विभिन्न शिर्षकमा स्वीकृत लगत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीले स्वयम अध्ययन अनुसन्धान गर्न सम्भव नभएको अवस्थामा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावाली २०६४ ले निर्दिष्ठ गरेका विधि र प्रक्रियाहरु अवलम्वन गरी परामर्श सेवाबाट कार्यक्रम संचालन गरिनेछ ।
- अनुसंधान स्विकृत हुनु पूर्व अनिवार्य रुपमा १५ दिन अगावै Online सुझाव संकलन गर्नुपर्दछ । अनुसंधान प्रतिवेदन अनिवार्य रुपमा अनूसंधान केन्द्रको Website Upload गर्नुपर्दछ ।
- अध्ययन, अनुसंधान, वन सर्वेक्षण सम्बन्धी कार्यक्रम आयोजनागत रुपमा संचालन गर्न सकिनेछ । यसका लागी निर्देशनालयले कर्मचारी व्यवश्थापनका लागी समन्वय गर्ने सक्नेछ। यसमा कर्मचारीलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराई अध्ययन अनूसंधानमा संलग्न गराउन सकिनेछ ।

### २. तालिम संचालन प्रक्रिया तथा सेवा सुविधा:

- तालिम संचालन गर्नु पूर्व प्रस्ताव तयार गरी निर्देशकवाट स्वीकृत गराइने छ ।
- तालिम संचालन गर्नु पूर्व सेशन प्लान तयार गरी निर्देशकवाट स्वीकृत गराइने छ ।
- प्रचलित नर्मस अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकवाट स्वीकृत गराइ तालिम संचालन गरीने छ ।
- सेवा कालिन तालिमको अवधि ३० दिन रहनेछ भने बाकी अन्य तालिमहरुको अवधि आवश्यता अनुसार ५ देखि १० दिन सम्मको हुनेछ ।
- तालिमका सहभागी छनौट / मनोनयनमा प्रदेश भित्रका दुर्गम क्षेत्रमा खटिने कर्मचारीलाई पहिलो प्राथमिकता प्रदान गर्नुपर्दछ । सहभागी छनौट / मनोनयन गर्दा महिला सहभागितालाई प्राथमिकता दिनु पर्दछ ।



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- कर्मचारीहरुलाई समान अवसर प्रदान गर्न एकै कर्मचारीलाई एक वर्षमा १ भन्दा वढी तालिममा सहभागि हुन प्रोत्साहन गरिने छैन ।
- यस तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, पोकाबन्दी, फिल्डगियर, तालिमका लागि आवश्यक भौतिक सामाग्री खरीद तथा हस्तान्तरण, तालिम व्यवस्थापन समूहभत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, व्यानर तथा प्रमाणपत्र तयारी, उद्घाटन तथा समापन कार्यक्रम आदि लगायतका विभिन्न शिर्षकमा स्वीकृत लगत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ ।
- तालिमका सहभागीहरुलाई जिल्ला वाहिरका भएमा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ ।
- तालिमका सहभागीहरु जिल्ला भित्रका भएमा गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ को मापदण्ड अनुसार नै सहभागी भत्ता उपलव्ध गराइनेछ ।
- तालिमलाई सफलतापर्वक संचालन तथा सम्पन्न गर्नका लागि पाँच (५) सदस्यीय तालिम व्यवस्थापन समिति गठन गरिनेछ। तालिम व्यवस्थापन समितिमा खटिने कर्मचारीहरुलाई जिल्ला वाहिर कार्यक्रम संचालन हुँदा भ्रमण खर्च (चौथो संसोधन) नियमावली, २०७२ अनुसार दैनिक भ्रमण भत्ता र जिल्ला भित्र संचालन हुदा उल्लेखित गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ अनुसार नै सहभागी भत्ता उपलव्ध गराइनेछ ।
- तालिम कार्यक्रमका सहभागिहरु, प्रशिक्षक, व्यवस्थापन समूहका कर्मचारीहरु तथा अन्य सहयोगिहरुका लागि प्रति व्यक्ति गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७५ अनुसार खाजा खर्चको व्यवस्था गर्न सकिनेछ ।
- तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरुवाट मात्र सम्भव नभएको अवस्थामा सम्वन्धित विषयवस्तुको विज्ञहरुवाट प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ ।
- प्रत्यक तालिमलाई प्रभावकारि ढंगले संचालन गर्न तालिम संचालन पूर्व र पश्चात मुल्यांकन बैठकवाट तालिम कार्यक्रमको मूल्यांकन गरी पृष्ठपोषण गर्न स्टेरीङ कमिटी गठन गरीनेछ । सो स्टेरीङ कमिटी निम्न अनुसार रहनेछ

| | |
|---|---|
| श्री वन, वातावरण तथा भू—संरक्षण मन्त्रालयका सचिव | — अध्यक्ष |
| श्री वन निर्देशनालयका प्रदेश वन निर्देशक | — सदस्य |
| श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक | — सदस्य |
| तालिम संयोजक | —सदस्य सचिव |
| श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका लेखा शाखा प्रमुख | — सदस्य |
| आवश्यकता अनुसार वढिमा २ जना अन्य कर्मचारीहरु | — सदस्य |

- उल्लेखित स्टेरीङ कमिटीका सदस्यहरुले कार्यालय समय वाहेक छलफल/बैठक गर्नु परेको अवस्थामा प्रति सदस्य प्रति छलफल/बैठक, गण्डकी प्रदेशको खर्चको मापदण्ड २०७५ बमोजिम भत्ता तथा खाजा खर्च उपलव्ध गराउन सकिनेछ ।



सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

- साथै सेवाकालीन तालिम संचालन गर्दा तीन वटा मोड्युल वनाई हरेक मोड्युलमा एक वटाका दरले जम्मा ३ (तीन) वटा मुल्यांकन, छलफल तथा बैठकवाट सहभागीहरुको मूल्यांकन गरिनेछ । मुल्यांकन, छलफल तथा बैठकका लागि निम्नानुसारको मुल्यांकन समिति गठन गरिनेछ

| | |
|---|---|
| श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक— अध्यक्ष | |
| श्री वन, वातावरण तथा भू—संरक्षण मन्त्रालयका अधिकृत स्तरका प्रतिनिधि | -सदस्य |
| श्री जिल्ला प्रशासन कार्यालयका अधिकृत स्तरका प्रतिनिधि | — सदस्य |
| श्री प्रदेश' वन निर्देशनालयका वन सेवाका अधिकृत स्तरका प्रतिनिधि | — सदस्य |
| श्री शिक्षा विकास तथा समन्वय इकाईका अधिकृत स्तरका प्रतिनिधि | — सदस्य |
| तालिम संयोजक | —सदस्य सचिव |
| आवश्यकता अनुसार २ जना सम्म विषयगत प्रशिक्षकहरु | — सदस्य |

उल्लेखित मुल्यांकन समितिका सदस्यहरुले कार्यालय समय वाहेक छलफल तथा बैठक गर्नु परेको अवस्थामा प्रति सदस्य प्रति छलफल/बैठक गण्डकी प्रदेशको खर्चको मापदण्ड २०७५ बमोजिम भत्ता तथा खाजा खर्च उपलव्ध गराउन सकिनेछ ।

**तालिम कार्यक्रम सम्पन्न भएपछि प्रगतिमा निम्न बुंदाहरु समाबेश गर्नु पर्नेछ**

स्वीकृत लागत इष्टीमेट
स्वीकृत पाठ योजना
तलिम कार्यक्रम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा विल भर्पाइ
सहाभागिकहरुबाट तालिम मुल्यांकन  तथा कार्ययोजना फारम
तालिमको विस्तृत प्रतिवेदन
तालिम कर्यक्रम संचालनका फोटोहरु

सचिव

प्रदेश सरकार
वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा

## ताल संरक्षण तथा विकास प्राधिकण संग संम्वन्धित कार्यक्रमहरु

### १. राउण्ड फेवा/ बेगनासताल पदमार्ग, निर्माण तथा फेवाताल सौन्दर्यिकरण,कास्की (अन्य निर्माण):

(१) यस कार्यक्रममा विनियोजित बजेट निम्न क्रियाकलापहरुमा खर्च गर्न सकिनेछः-

(क) फिल्ड सर्वेक्षण, अनुगमन

(ख) डिजाइन तथा इस्टिमेट सम्बन्धी छलफल,

(ग) पदमार्ग,फुटट्रयल निर्माण तथा सौन्दर्यकरणको काम ।

(घ) वातावरणीय अध्ययन लगायत प्रचलित कानूनले तोकेका DPR लगायत अध्ययन गर्न सकिनेछ।

(ङ) आयोजना सम्बन्धी डिजाईन तयार गर्न सकिनेछ ।

(च) पदमार्गको छेउछाउमा आकर्षक Ornamental Plants तथा Medicinal Plants वृक्षारोपण तथा संरक्षण कार्य गर्न सकिनेछ ।

(२) यस कार्यक्रम सञ्चालन गर्न निम्न कार्यप्रक्रिया अवलम्बन गरिनेछः-

(क) फिल्ड सर्वेक्षण तथा सरोकारवालाहरुको रायका आधारमा डिजाइन तथा लागत अनुमान तयार गर्ने,

(ख) डिजाइन तथा लागत अनुमानका आधारमा उपभोक्ता समिति वा मान्यताप्राप्त निर्माण कम्पनीसँग सार्वजनिक खरिद ऐन बमोजिम सम्झौता गरी कार्य सञ्चालन गर्ने,

(ग) कार्य सम्पन्न भइसकेपछि अनुगमन, जाँचपास तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने,

(घ) यस कार्य पोखरा महानगरपालिकासँगको समन्वय तथा सहकार्यमा गर्न सकिनेछ ।

(३) यस कार्यक्रमको निम्न प्रगतिका सूचक तथा उपलब्धि हुनेछन्:-

(क) पदमार्ग तथा सौन्दर्यकरणका क्रियाकलापको विवरण र फोटो,

(ख) कार्यसम्पन्न प्रतिवेदन,

(ग) खर्चको बिल भरपाई,

(घ) बैठकको निर्णयको प्रतिलिपी ।

### २. विभिन्न तालहरूको संरक्षण तथा निर्माण कार्य:

(१) यस कार्यक्रममा विनियोजित बजेट निम्न क्रियाकलापहरुमा खर्च गर्न सकिनेछः-

(क) फिल्ड सर्वेक्षण, अनुगमन,

(ख) तालको वरीपरी boundary wall निर्माण तथा मर्मतसंभार,

(ग) तालमा रहेको sediment हटाउने र ताल सरसफाई,

(घ) पर्यटक विश्रामस्थल तथा मर्मतसंभार,

(ङ) मिचाहा प्रजाती नियन्त्रण,

(च) Retaining wall, Breast wall निर्माण तथा मर्मतसंभार,



सचिव

(छ) Drainage canalनिर्माण तथा मर्मतसंभार,

(ज) ताल तथा ताल जलाधार क्षेत्रमा आवश्यकता अनुसारको चेक ड्याम तथा सिल्टेशन ड्याम

(झ) आय आर्जनका गतिविधि सञ्चालन।

(ञ) सौन्दर्यीकरण तथा उद्यान निर्माण ।

(२) यस कार्यक्रम सञ्चालन गर्न निम्न कार्यप्रक्रिया अवलम्बन गरिनेछ:-

(क) कार्यक्रम स्थानको छनौट

(ख) फिल्ड सर्वेक्षण गर्ने,GPS Pointलिने,

(ग) फिल्ड सर्वेक्षण तथा स्थानीय ताल संरक्षण समिति वा सरोकारवालाको रायका आधारमा ताल/दह/पोखरीमा गर्नुपर्ने मर्मत संभारको कार्य पहिचान गरी डिजाइन तथा लागत अनुमान तयार गर्ने,

(घ) डिजाइन तथा लागत अनुमानका आधारमा उपभोक्ता समिति वा मान्यताप्राप्त निर्माण कम्पनीसँग सार्वजनिक खरिद ऐन बमोजिम सम्झौता गरी कार्य सञ्चालन गर्ने,

(ङ) कार्यक्रमको विवरण समेटीएको आयोजना सूचना पाटी राख्ने,

(च) कार्य सम्पन्न भइसकेपछि अनुगमन, जाँचपास तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने।

**३. फेवातालको सिमाङ्कन गरिएको क्षेत्रमा सिमाना खम्बा (पोल) राख्ने कार्य:**

(१) यस कार्यक्रममा विनियोजित बजेट निम्न क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ ।

(क) पोल गाड्ने क्षेत्रको पहिचान तथा निर्धारण सम्वन्धि छलफल तथा अन्तरक्रिया र वैठक ।

(ख) पोल गाड्ने क्षेत्रको डिजिटल नंशाकन ।

(ग) डिजाइन तथा इस्टिमेट सम्बन्धी छलफलहरु ।

(घ) फिल्ड सर्वेक्षण, अनुगमन ।

(ङ) सम्माननिय सर्वोच्च अदालतले तोकेको सिमांकनका आधारमा पोल राख्ने कार्य गर्न सकिनेछ ।

(च) फेवाताल सिमाकंन समिति तथा नापी कार्यालय, कास्कीको सहयोगमा फेवातालको सिमाकंन गरिएको क्षेत्र छुटयाउने र पोल गाड्ने ठाउँ एकीन गर्ने,

(छ) उपरोक्त बमोजिम एक वा सबै कृयाकलाप गर्न सकिनेछ ।

(२) कार्यक्रम सञ्चालन गर्न निम्न कार्यप्रक्रिया अवलम्बन गरिनेछ:

(क) सिमांकन गरिएको क्षेत्रमा पोल राख्ने काम सरोकारवालाहरु सँगको समन्वयमा गरिनेछ ।

(ख) फिल्ड सर्वेक्षण तथा सरोकारवालाहरुको रायका आधारमा डिजाइन तथा लागत अनुमान तयार गर्ने,

(ग) डिजाइन तथा लागत अनुमानका आधारमा उपभोक्ता समिति वा मान्यताप्राप्त निर्माण कम्पनीसँग सार्वजनिक खरिद ऐन बमोजिम सम्झौता गरी कार्य सञ्चालन गर्ने,

(घ) कार्य सम्पन्न भइसकेपछि अनुगमन, जाँचपास तथा कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने,

(ङ) यो कार्य पोखरा महानगरपालिका तथा सुरक्षा निकाय सँगको समन्वय तथा सहकार्यमा गर्न सकिनेछ।

(३) यस कार्यक्रमको निम्न प्रगतिका सूचक तथा उपलब्धि हुनेछन्



सचिव

(क) फेवा तालको सिमान्कन गरिएको क्षेत्रमा पोल राख्ने कार्यको फोटो,

(ख) कार्य सम्पन्न प्रतिवेदन,

(ग) खर्चको बिल भरपाई,

(घ) बैठकको निर्णयको प्रतिलिपी

**ई. अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था**

(१) यस मापदण्ड बमोजिम संचालनहुने क्रियाकलापहरुको सम्बन्धित कार्यालयको कार्यालय प्रमुखले नियमित रुपमा अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(२) वन निर्देशनालय तथा मन्त्रालयले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा निरीक्षण गर्न वा गराउन सक्नेछ।

(३) मन्त्रालयले आवश्यकता अनुसार कार्यक्रमको अनुगमन तथा निरीक्षण निर्देशिका तयार गरि लागू गर्न सक्नेछ।

**उ. अन्य प्रचलित कानून बमोजिम हुनेः**

(१) प्रचलित कानूनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून लागू हुनेछ ।

(२) यस मापदण्डमा उल्लेख गरिएको विषयमा यसै बमोजिम र उल्लेख नगरिएको विषयमा गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधि २०७७ र प्रचलित कानून बमोजिम हुनेछ ।

ऊ. **बाधा अड्काउ फुकाउने अधिकारः** यो मापदण्ड कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले फुकाउन सक्नेछ ।

**ए. संशोधनः** मन्त्रालयले यस मापदण्डमा आवश्यक संशोधन गर्न सक्नेछ ।

सचिव